# Medium Term Expenditure Framework
## (Fiscal Year 2025/26 – 2027/28)

# मध्यमकालीन खर्च संरचना
## (आ. व. २०८२/८३ - २०८४/८५)



गंगा जमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ

तयार गर्ने
स्मार्ट प्राइभेट लिमिटेड
काठमाडौं

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८२/८३ — २०८४/८५)

**प्रकाशक :** गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**सर्वाधिकार :** प्रकाशकमा
**प्रकाशन मिति :** २०८२
**सम्पर्कका लागि :** गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल
फोन नं.: ९८५१२०७९१५, ९८५१२०८९६५
ईमेल: info@gangajamunamun.gov.np

गंगाजमुना गाउँपालिका

# मन्तब्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेश सहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरे सँगै गंगा जमुना गाउँपालिकाले पनि यो त्री-बर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र सम्भावनामा आधारित रहेर विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी पालिकाको सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका  बनेको छ । यस गाउँपालिकाले तर्जुमा गरेको पहिलो आवधिक  योजनामा आधारित रही यो खर्च संरचना तयार गरिएको छ। साथै गाउँपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकालमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण आर्थिक एवं सामाजिक औजार भएकोले यसले दीगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु , र यस दस्तावेजले गाउँपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु । अन्त्यमा, यो त्री-बर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्री भक्त वहादुर लामा
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. ३
धादिङ, नेपाल ।

गंगाजमुना गाउँपालिका

## मन्तब्य

सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही अनुरुप गंगाजमुना गाउँपालिकाले यो त्रीबर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र गाउँपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ । मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य एवं उद्देश्यहरू हासिल गर्ने तर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु ।

मध्यकालीन खर्च संरचनाले दीगो विकासका लक्ष्यहरू, लैंगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दीगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ ।

अन्त्यमा, यो गाउँपालिकाको त्रीबर्षिय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्री रामेश्वर सिम्खडा
उपाध्यक्ष

## दुई शव्द

गाउँपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक गंगाजमुना गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितकोमध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत दशकहरूमा विपद्का विभिन्न रुपजन्य घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दीगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दीगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ ।

दीगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिकामार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दीगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, गंगाजमुना गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने पदाधिकारी तथा विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

श्री सन्जय बहादुर स्याङताङ
प्रमुख प्रशासकीय अधिकृत

# *विषय सूची*

*परिच्छेद-१ परिचय* १२

१.१ पृष्ठभूमि १२

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणाह १३

१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य १३

१.४ मध्यमकालीन खर्च संरचनाका आधारहरु १४

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया १४

*परिच्छेद-२ मध्यमकालीन खर्च संरचना* १८

२.१ पृष्ठभूमि १८

२.२. चुनौती तथा अवसर १८

२.३. दिर्घकालीन सोच, उद्देश्य तथा रणनीति १९

२.४. मध्यमकालिन आर्थिक खाका २०

२.५ मध्यमकालीन नतिजा खाका २१

२.६ मध्यमकालीन बजेट खाका २३

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट २३

२.८ विषय उपक्षेत्रगत बाँडफाँट २६

*परिच्छेद-३ आर्थिक विकास क्षेत्र* २७

३.१ कृषि तथा खाद्य सुरक्षा २७

३.१.१ पृष्ठभूमि २७

३.१.२ समस्या तथा चूनौति २७

३.१.३ सोच २७

३.१.४ उद्देश्य २७

३.१.५ रणनीति २८

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २८

| | |
|---|---|
| ३.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण | ३० |
| ३.१.८ जोखिम पक्ष तथा अनुमान | ३० |
| ३.२ सिंचाई | ३० |
| ३.२.१ पृष्ठभूमि | ३० |
| ३.२.२ समस्या तथा चुनौति | ३१ |
| ३.२.३ सोच | ३२ |
| ३.२.४ उद्देश्य | ३२ |
| ३.२.५ रणनीति | ३२ |
| ३.३.१ पृष्ठभूमि | ३२ |
| ३.३.२ सोच | ३२ |
| ३.३.३ उद्देश्य | ३३ |
| ३.३.४ रणनीति | ३३ |
| ३.४ उद्योग तथा व्यापार | ३५ |
| ३.४.१ पृष्ठभूमि | ३५ |
| ३.४.२ समस्या तथा चूनौति | ३५ |
| ३.४.३ सोच | ३६ |
| ३.४.४ उद्देश्य | ३६ |
| ३.४.५ रणनीति | ३६ |
| ३.५ पर्यटन विकास | ३६ |
| ३.५.१ पृष्ठभूमि | ३६ |
| ३.५.३ सोच | ३७ |
| ३.५.४ उद्देश्य | ३७ |
| ३.५.५ रणनीति | ३८ |
| ३.६.१ पृष्ठभूमि | ३८ |
| ३.६.२ समस्या तथा चूनौति | ३९ |
| ३.६.३ सोच | ४० |
| ३.६.४ उद्देश्य | ४० |

३.६.५ रणनीति ४०

*परिच्छेद-४ सामाजिक विकास क्षेत्र* ४२

४.२ स्वास्थ्य तथा पोषण ४२

४.२.१ पृष्ठभूमि ४२

४.२.२ सोच ४३

४.२.३ उद्देश्य ४३

४.२.४ रणनीति ४३

४.३.१ पृष्ठभूमि ४४

४.३.२ सोच ४४

४.३.३ उद्देश्य ४४

४.३.४ रणनीति ४४

४.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ४५

४.४.१ पृष्ठभूमि ४५

४.४.२ समस्या तथा चूनौति ४५

४.४.३ सोच ४६

४.४.४ उद्देश्य ४६

४.४.५ रणनीति ४७

४.४.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ४७

४.६ संस्कृति ५०

४.६.१ पृष्ठभूमि ५०

४.६.२ सोच ५१

४.६.३ उद्देश्य ५१

४.६.४ रणनीति ५१

*परिच्छेद-५ पूर्वाधार विकास क्षेत्र* ५२

५.१ आवास, भवन तथा शहरी विकास ५२

५.१.१ पृष्ठभूमि ५२

५.१.२ सोच ५२

५.१.३ उद्देश्य ५२
५.१.४ रणनीति ५३
५.२.१ पृष्ठभूमि ५३
५.२.३ सोच ५३
५.२.४ उद्देश्य ५३
५.२.५ रणनीति ५४
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ५४
५.३ जलस्रोत, विद्युत तथा उर्जा ५५
५.३.१ पृष्ठभूमि ५५
४.३.२ समस्या तथा चूनौति ५६
५.३.३ सोच ५६
५.३.४ उद्देश्य ५६
५.३.५ रणनीति ५६
५.४ सूचना तथा सञ्चार ५७
५.४.१ पृष्ठभूमि ५७
५.४.२ सोच ५७
५.४.३ उद्देश्य ५७
५.४.४ रणनीति ५७
*परिच्छेद-६ वातावरण तथा विपद व्यवस्थापन क्षेत्र* *५९*
६.१ वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण ५९
६.१.१ पृष्ठभूमि ५९
६.१.२ समस्या तथा चूनौति ५९
६.१.३ सोच ६१
६.१.४ उद्देश्य ६१
६.१.५ रणनीति ६१
६.१.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ६२
*६.२ जलाधार संरक्षण तथा फोहोरमैला व्यवस्थापन* *६३*

**६.२.१ पृष्ठभूमि** ६३

**६.२.२ समस्या तथा चुनौति** ६४

**६.२.३ सोच** ६४

**६.२.४ लक्ष्य र उद्देश्य** ६४

**६.२.५ रणनीति** ६५

**६.३ जलबायु परिवर्तन** ६६

**६.३.१ पृष्ठभूमि** ६६

**६.३.२ समस्या तथा चूनौति** ६६

**६.३.३ सोच** ६७

**६.३.४ उद्देश्य** ६८

**६.३.५ रणनीति** ६८

***परिच्छेद-७ संस्थागत विकास तथा सुशासन क्षेत्र*** ६९

**७.२.१ पृष्ठभूमि** ६९

**७.२.२ समस्या तथा चूनौति** ६९

**७.२.३ सोच** ७१

**७.२.४ उद्देश्य** ७१

**७.२.५ रणनीति** ७१

**७.२.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण** ७२

## तालिका सूची

तालिका १ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) २१

तालिका २ : सार्वजनिक खर्च र खर्च व्यहोर्ने श्रोतहरु २१

तालकि ३ :सार्वजनिक खर्चको बाडफाँड २२

तालिका ४: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य २२

तालिका ५: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण ( रकम रु. हजारमा) २३

तालिका ६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण २४

तालिका ७ : तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण २५

तालिका ८ : आगामी तीन आ.व.को विषय उप क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण २६
तालिका ९ : तीन आर्थिक वर्षको अपेक्षित नतिजाका २८
तालिका १० : कृषि उपक्षेत्रको कार्यक्रम ३०
तालिका ११ : मध्ययमकालिन लक्ष्य ४१
तालिका १२ : लैंगिक समानता कार्यक्रम ४७
तालिका १३ : यातायात सम्बन्धी कार्यक्रम ५४
तालिका १४ : वन तथा वैज्ञानिक वन व्यवस्थापन ६२
तालिका १५ : फोहरमैला व्यवस्थापन ६५
तालिका १६ : संस्थागत सुधारका कार्यक्रम ७२

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमि

बाग्मती प्रदेश सरकारले प्रदेश आबधीक योजना र यसले लिएका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गरि उक्त राष्ट्रिय लक्ष प्राप्त गर्न वित्तीय ब्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । वि.स. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने तथा वि.स. २१०० सम्म समुन्नत मुलुकको रुपमा स्तरोन्नति गर्न गाउँपालिका स्तरबाट समेत अहंम भुमिका खेल्नाका लागि सार्वजनिक खर्चको प्रभावकारी र मितब्ययी ढंगले ब्यवस्थापन गरि उपयोग गर्नु नितान्त आबश्यक छ ।गाउँपालिकाको आबधिक योजना र वार्षिक वजेट बीच तालमेल मिलाई बाग्मती प्रदेश सरकारले लिएको लक्ष्य समेतलाई मध्यनजर गरी गाउँपालिकालाई सेवा मुलक, ब्यबसायिक, आत्मनिर्भर र समुन्नत बन्न प्राप्त श्रोतहरुको न्यायोचित तथा समानुपातिक वितरणको ब्यबस्था गर्न,खर्चलाई ब्यवस्थित,तालिकाबद्ध,मितब्ययी,पारदर्शी ढंगले परिचालन गर्न मध्यमकालीन खर्च संरचना तयारी र कार्यन्वयनले आबश्यक सुधार ल्याउँछ ।

मध्यकालिन खर्च संरचना तयार गर्दा गाउँपालिकाका आयोजनाहरु, योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा उल्लेखित आयोजनाहरु, योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा उल्लेखित आयोजनाहरु समेतको प्राथमिकिकरण गर्ने विधि द्धारा तय हुने छ । साथै गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने प्रमुख रुपमा आवधिक योजनालाई मध्यनजर गरि आ.व. २०८२/८३ देखि लागुहुने गरी खर्च संरचनाको खाका तयार गरिएको छ । जसमा पहिलो वर्षको खर्च र श्रोत अनुमाको वार्षिक बजेटसँग तादात्म्यता रहेको छ र वाकी ३ वर्षको अनुमानित प्रक्षेपण गरिएको छ । पहिलो वर्षको वजेट कार्यन्वयन भएपछि त्यसको समिक्षा गरि अनुमान गरिएको दोस्रो बजेटलाई आवश्यक संशोधन गरि तयार गरिन्छ भने नयाँ एक वर्षको खर्च खाका प्रक्षेपण गरि थप गरिन्छ ।

## नेपालमा मध्यकालिन खर्च संरचना

मध्यकालिन खर्चसंरचना सुरुवात दशौ योजना (वि.स.२०५९ देखि ०६५ सम्म) सँगसँगै भएको थियो । गणतन्त्र स्थापना पछि अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन,२०७४ को दफा १७ मा नेपाल सरकार,प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा आगामी वर्षको तीन खर्चसंरचना तयार गर्नपर्ने बाध्यकारी ब्यवस्था छ । सोहि अनुरुप नेपाल सरकार,बाग्मती प्रदेशले मध्यमकालीन खर्चसंरचना तयार गरि कार्यन्वयन गरेको अबस्था छ । गंगाजमुना गाउँपालिका ले आर्थिक वर्ष २०८१/८२ देखि मध्यकालिन खर्चसंरचना तयार गरि कार्यन्वयन गर्ने नीति अनुरुप यो खर्चसंरचना तयार गरिएको हो ।

**संस्थागत व्यवस्था**

गाउँपालिकामा मध्यमकालीन खर्चसंरचना तयार गर्ने प्रयोजनको लागि छुट्टै संस्थागत व्यवस्था कानूनी रुपममा नभए पनि वडा समिती विषय क्षेत्रगत समितिहरु राजश्व परामर्श समिति श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति,योजना तर्जुमा समिति,कार्यपालिका तथा गाउँसभा मध्यकालिन खर्चसंरचना तयार गर्न संलग्न हुने समितिहरु हुन् ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणाह

उत्पादन, रोजगारी, आय र लगानी समेत हेरी आवधिक योजना तथा वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिका आधारमा खर्च संरचना बनाइन्छा । संक्षेपमा समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन ओटा रणनैतिक अवयव समावेश गरी खर्च संरचना तयार गरीन्छ ।

गंगा जमुना गाउँपालिकालाई संघ र बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, रोयल्टी बाडफाड तथा राजस्वो बाँडफाढबाट प्राप्त हुने स्रोत आँकलन गरि खर्च संरचना तयार गरिएको छ । यसमा आन्तरिक ऋण समावेश छैन ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

“सुरक्षित, सुन्दर, समृद्ध गंगा जमुना : कृषि, पर्यटन, पूर्वाधार विकास हाम्रो चाहना भन्ने” दिर्घकालिन सोच रहेको यस पालिकाले मध्यमकालीन खर्च संरचना बाट पालिकाको समग्र विकासको लागि अंगिकार गरेको गौरवका आयोजनाहरु एवं प्राथमिकता प्राप्त कार्येक्रमहरु को निरतरता र स्रोत सुनिइचितता गर्नेछ ।

मध्यमकालीनं लक्ष्य निर्धारण गरि सो प्राप्तिका लागि स्रोत तथा खर्च कोअनुमान एवं प्रक्षेपण गरिएको छ । पालिकाले तयार गरेको यो खर्च संरचनाको मुख्य उध्श्य “पालिकामा उपलब्ध स्रोत साधन लाई आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच समान्जइयता मिलाई पालिका को सार्बजनिक खर्च प्रणालीमा सुधार ल्याइने छ । यसका अतिरिक्त यो खर्च संरचनाको तर्जुमाबाट देहयेका उध्श्यहरु हासिल हुने अपेक्षा गरिएको छ :

क) नीति र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल कायम गरि स्रोत साधनको बिनियोजनलाई कुशल बनाउनु,
ख) योजना तथा कार्यक्रमहरु को प्राथमिकीकरण गरि गौरव तथा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिइचित गर्नु,

ग) आन्तरिक र वाहिय स्रोतको वास्तविक अनुमान गरि बजेट तर्जुमा लाई यथार्थपरक बनाउनु,
घ) सार्वजनिक खर्च व्यवस्थापन गर्नुको सुशासनका लागि बिनियोजन कुशलता, कायन्वोयन तथा आर्थिक अनुशासन कायेम गर्नु,
ङ) पालिकाको तर्फबाट दिगो विकास लक्ष्य, जलवायु परिवर्तन सम्बन्धि प्रतिवहदता पुरा गर्न सदैव प्रायत्नरत रहनु,

## १.४ मध्यमकालीन खर्च संरचनाका आधारहरु

पालिकाका मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राणनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र पालिकाले तयार गरेको ऐन, नियम, निर्देशिका, मापदण्ड आदि लाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान,
- दीगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०),
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा १६ पञ्चवर्षिय योजना,
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावली,
- बागमती प्रदेशको चालु आवधिक योजना,
- संघिय उवं बागमती प्रदेशको वार्षिक कार्यक्रम एबम बजेट वक्तव्यहरु
- स्थिति पत्र (प्रोफाइल),
- पालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

नेपाल सरकारबाट स्वीकृत मध्यमकालिन खर्च संरचना तर्जुमा निर्देशिकाको अधिनमा रही गंगा जमुना गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तयार गरिएको हो । देहायको चरणहरु एवं प्रकृया अवलम्बनगरी मध्यमकालिन खर्च संरचना तयार गरिएको छ :

## चरण -१ : तयारी

प्रकृया १ : परामर्शदाता को नियुक्ति

यस पालिकाको आगामी तिन वर्षको लागि मध्यकालीन खर्च संरचना तयार गर्न नियमानुशार परमर्शदाता नियुक्ति गरी परिचालन गरियो । कार्यदल गठन गरी खर्च संरचना तयारी को जिम्मेवारी र कर्यक्षेत्र प्रस्ट गरियो । तयारीको समय सीमा, उपलब्ध गर्नु गराउनु पर्ने विवरणको प्रप्यता र उपयोगको कार्यक्षेत्र तोकियो ।

प्रकृया २ : सन्दर्भ सामाग्री संकलन र समिक्षा

पालिकाको नीतिगत मार्गदर्शन मा स्थानीय तह को आवधिक योजना, स्रोत प्रक्षेपण आदिको अध्ययन गरियो । अध्ययन र विश्लेषण गरिएका प्रमुख सामग्रीहरु देहाएको बमोजिम रहेका छन् ।

⇒ नेपालको संविधान
⇒ स्थानीय सरकार संचालन ऐन, २०७४
⇒ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
⇒ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन, २०७६ तथा नियमावली, २०७७
⇒ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिसहरु
⇒ नेपाल सरकार तथा प्रदेश सरकारको वित्तिय हस्तान्तरणको अभ्यास
⇒ नेपाल सरकार, प्रदेश सरकार एवम् नगरपालिकाको राजस्व सम्बन्धी कानून र आर्थिक ऐनहरु
⇒ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
⇒ स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
⇒ स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
⇒ गंगाजमुना नगरपालिकाको नीति कार्यक्रम, कानुन तथा प्रतिवेदन आदी

प्रकृया ३ : ढाँचा, औजार र कार्य योजना तर्जुमा

मध्यमकालिन खर्च संरचनाको ढाँचा, तवयांक उवं सूचना संकलनको औजार तथा तर्जुमा गर्दा अपनाउने कार्ययोजना तर्जुमा गरियो ।

तयारी बैठकको रुपमा पालिकाका सम्पूर्ण कर्मचारी हरु संग एक दिवसिय छलफल गरियो भने पालिकाका सबै पधाधिकारीहरु संग छुट्टै बैठक गरि खर्च संरचना को आवस्कता, उपदेयता र अनिवार्यता बारे जानकारी आदान प्रदान गरियो । राष्ट्रिय योजना आयोगले भर्खरै जारी गरेको

समपुरक अनुदान सम्बन्धि कार्यविधि २०८१ र विशेष अनुदान सम्बन्धि कार्यविधि २०८१ सम्बन्धमा दिइएका प्रावधान अनुरुप बढी भन्दा बढी अनुदान प्राप्त गर्न पनि यो खर्च संरचना सहायक हुनु पर्ने राय राख्दै पालिकाका अध्यक्ष श्री भक्त वहादुर लामाले खर्च संरचनाले पालिकाका गौरवका आयोजना तथा प्रथम प्राथमिकताका आयोजनाहरु लाई स्रोत सुनिइचित गराउने वातावरण मिल्ने भएकोले यो पहल अत्यन्त सान्दर्भिक रहेको बताउनु भयो । त्यसै गरि उपाध्यक्ष्य रामेश्वर सिम्खडाले पालिकाको अतिरिक्त राजश्वको स्रोत र आधार बढाउन पनि त्रिवर्षीय खर्च संरचना आवस्यक भएको बताउनु भयो ।

## चरण - २ : लेखाजोखा चरण

प्रकृया ४ : अभिमुखीकरण तथा कार्यशाला

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको अनिवार्य व्यवस्थापनले पालिकाको खर्च संरचना तर्जुमा गर्न पालिकाको सभाहलामा अभिमुखीकरणको आयोजना भयो । सो अभिमुखीकरण कार्यशालामा तय भए अनुसार देहाए बमोजिम को कार्यदल समेत गठन भएको थियो । खर्च संरचना तर्जुमा नभए सम्म यो कार्यदलले महत्वपूर्ण भूमिका निर्वाह गरि तथ्यांक, सुचना संकलन गर्ने, विस्लेषण गर्ने र अपमत्व स्वीकार गर्ने प्रबन्ध गरिएको थियो ।

प्रकृया ५ : विसषयगत समिति र कार्यपलिकाका शाखाहरु संग अन्त्रक्रिया उवं परामर्श

पालिका मा रहेको ९ ओटा विशेष समितिका संयोजक तथा उपस्थित भए सम्मका सदश्यहरु तथा शाखा प्रमुखहरुले निर्वाह गर्ने सदस्य-सचिवसंग व्यापक तथा विस्तृत  छलफल गरियो । पालिकाको गौरवका आयोजनाहरु, प्रथम प्राथमिकताका आयोजनाहरु, थप राजस्वको स्रोत, पर्यटन प्रबर्धनका क्षेत्र, पालिकाको २१०० सम्मको गन्तब्य, दिगो विकास लक्ष्य प्राप्तिमा पालिकाको भूमिका र योगदान बारे छलफल गरियो ।

पालिकाको विषयगत शाखाका प्रमुख उवं कर्मचारीहरु संग छुट्टाछुट्टै तथा समग्रमा छलफल गरी स्रोत सुनिइचितता नभए पनि बहुवर्षीय आयोजनाहरुको विवरण संकलन गरिय । आयोजना बैंकको प्रयोग भए नभएको तथा हालै राष्ट्रिय योजना आयोगले तर्जुमा गरि स्वीकृत गरेको राष्ट्रिय आयोजना बैंक र (कार्य संचालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा २७ मा उल्लेखित प्रावधान अनुसार  पालिकाले निर्णय गरी आयोजना बैंकमा प्रविस्टी गर्नुपर्ने र सोहि अनुसार बजेट तथा कार्यक्रम प्रस्ताब गर्नु पर्ने सम्बन्धमा समेत छलफल गरियो ।

## चरण - ३ : तयारी चरण

प्रकृया ६ : क्षेत्रगत योजना तर्जुमा

पालिकाको विषयगत शाखा संग छलफल गरी तयार गरिएको प्रारम्भिक दस्तावेज उपर तत् तत् विशेष समिति संग छलफल गरियो । समितिमा वडाहरुमा समानुपातिक ढंगले बजेट बिनियोजन तथा स्रोत सुनिइचिता हुनुपर्ने बिषय उठेको भए पनि बिषयगत क्षेत्र जस्तै शिक्षा, स्वस्थ, सडक, पर्यटन, वन, उर्जा, उद्योग, इत्यादी क्षेत्रमा रकमको प्रयोग बिनियोजन र स्रोत सुनिइचिता गरी वडागत लगानी समेत पुग्ने गरि व्यूह (Matrix) तयारि गरि त्यस उपर छलफल तथा स्वीकृतिका उपायहरु अपनाइए ।

प्रकृया ७ : विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना दस्तावेज को मसौदा तयारी

पालिकामा राजश्व सुधार कार्ययोजना नभए पनि प्रत्येक वर्ष बजेटबनाउनु अगाडी उपाध्यक्ष्यको संयोजकत्वमा बस्ने राजस्व परामर्श समितिको सिफारिश अध्यन गरियो । बिधमान पालिकाका ८ वटा गौरवका आयोजनाहरुको कार्यवोन्वयन प्रकृया र प्रगति विस्लेषण गरियो । संघ र प्रदेश बाट आउने अनुदान, राजश्व बाडफढ तथा रोयल्टीको प्रवृति (Trend) बिश्लेषण गरियो । गत वर्षको खर्च हुन नसकेको राजश्व तथा बित्तिय समानीकरण अनुदानको अंश बजेटको कस्तो दरमा छ भनि बिश्लेषण गरि उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मसौदा तयार गरियो ।

प्रकृया ८ : पालिकाको मध्यमकालीन खर्च संरचनाको मसौदा तयारी

दिग्दर्शनले निर्धारण गरेको ढाँचा र प्रक्रियामा विसयक्षत्रगत रुपमा तयार भएको मस्यौदालाई एकिकरण गरी कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसंग छलफल गरियो । समष्टिगत मध्यमकालीन वित्तिय खाका, नतिजा खाका र बजेट खाका तर्जुमा गरियो ।

प्रकृया ९ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मसौदा तयारी
तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर पालिकाबाट प्राप्त राय सुझावहरु समेटि परिमार्जन गरिएको छ । यस मस्यौदा दस्तावेजमा अत्यन्त आवइयक सूचना तथा तथ्यांक विभिन्न शाखाहरुबाट संकलन गरि थप गरिएको छ । पालिकाको पहिलो आवधिक योजनाका आधार एवं तथ्यांक तथा सूचनाहरु उपयोग गरिएको छ ।

# परिच्छेद-२ मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले तोकेका निर्देशक सिद्धान्त तथा नितिहरुले निर्दिष्ट गरेका लक्षहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधि भित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र ऐन कानुनहरु तर्जुमा गर्ने निति बनाउने आयोजनाहरु छनोट गर्ने बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन । उल्लेखित अधिकारहरुको अधिनमा रही गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने वार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संचरना तयार गर्नुपर्ने हुन्छ । प्रदेश र संघका आवधिक योजनाहरुले लिएको लक्षहरुलाई पछ्याउदै तयार गरिएको गाउँपालिकाको आवधिक योजनाका लक्षहरु परिपूर्तिगर्न मध्यमकालीन खर्चसंरचना तयार गरिन्छ ।

साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय अनुशासन नै सार्वजनिक वित्तीय व्यवस्थापनका आधार हुन् । यी तीन वटै पक्षहरुमा सुधार गर्ने अैजारका रुपमा मध्यमकालिन खर्च संरचना लाई लिइएको छ ।

अन्तरसरकारी वित्तीय व्यवस्थापन सम्बन्धि संघीय कानुनले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । मध्यमकालीन खर्च संरचनाले परियोजनाको लक्षित नतिजा हासिल गर्न उपलब्ध साधन स्रोतको प्रभावकारी विनियोजन, परिचालन, मितव्ययी र पारदर्शी खर्च प्रणाली उवं वित्तिय अनुशासनको पक्षमा सुधार ल्याउने काम गर्दछ ।

पालिकाको यो पहिलो मध्यमकालिन खर्च संरचना भित्र चालु खर्च, पुजीगत खर्च र आवश्यक परेमा वित्तीय व्यवस्थाका आवस्यक पर्ने रकम समेत खुलाइएको छ । आर्थिम वर्ष २०८२/८३-२०८४/८५ का लागि तयार भएको यो मध्यमकालिन खर्च संरचना तयार गर्दा नेपाल सरकारको १६ औ योजना, बागमती प्रदेशको आवधिक योजना, समृद्ध नेपाल : सुखी नेपालीको दिर्घकालीन सोच, पालिकाको आवधिक योजना समेतलाई आधार लिइएको छ । पालिकामा भएको तुलनात्मक लाभका क्षेत्रहरुको उच्चतम परिचालन गरी आन्तरिक राजस्व वृद्धि गर्ने लक्ष समेत लिइएको छ ।

## २.२. चुनौती तथा अवसर

रोजगारी, उत्पादन र आयमा वृद्धि नै आर्थिक विकासका लक्ष हुन् । आवधिक योजनाका दस्ताबेजहरुमा रहेका दिर्घकालिन सोच, लक्ष, उद्येश्यहरुलाई कार्यक्रम तथा बजेटका माध्यम बाट व्यवहारमा उतार्ने काम मध्यमकालीन खर्च संरचनाले गर्ने भए पनि वातारणीया ह्रास, जलवायु परिवर्तनका नकारात्मक प्रभाव, बिपद जोखिम, आर्थिक सिथिलता आदि विषयहरु चुनौतिका रुपमा

रहेका छन् । सिमित स्रोत तथा साधनलाई पालिकाको गौरव आयोजनाहरुमा विनियोजन गने र प्राथमिकता प्राप्त अन्य क्षेत्रमा लगाउन समेत रकमको अभाव देखिनु, आदि केहि चुनौती हुन् ।

नीति, कार्यक्रम, योजना र मापदण्ड र्निमाण भई कार्यान्वयनमा जानु, अपुग नै भएपनि संघ उवं प्रदेशबाट अनुदान, राजस्व बाडफाढ र रोयल्टी शेयारिंग हुनु, संविधानको अनुसुची ८ मा रहेका २२ कार्यहरु गर्न पालिका स्वायत्त रहनु, आदि अवसरका रुपमा लिइएको छ ।

उपयुक्त चुनौती तथा अवसरहरुको लाभ विष्लेषण गरी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

## २.३. दिर्घकालीन सोच, उद्देश्य तथा रणनीति

आवधिक योजनामा समावेश गरिएका दिर्घकालिन सोच तथा लक्ष्यहरु मध्यमक्कालीन संरचनामा पनि समावेश गरिएको छ । यो मध्यमकालीन खर्च संरचना तयार गर्दा पालिकाको दिर्घकालीन सोच र प्रथम आवधिक योजनालाई प्रमुख आधार लिइएको छ । यद्यपि, आवधिक योजनामा उल्लेख नभएका विवरण पनि पालिकाका चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम मा छन् । १६ औ योजना तथा विभिन्न रणनीतिक उवं विषयगत नीतिहरुको उपयोग गरिएको छ । मध्यमकालीन खर्च संरचना को समस्ठिगत सोच, लक्ष, उद्येस्य तथा रणनीति देहाय अनुसार रहेको छ ।

### २.३.१. दिर्घकालिन सोच

"सुरक्षित ,सुन्दर , समृद्ध गंगाजमुना : कृषि , पर्यटन , पूर्वाधार विकास हाम्रो चाहाना" लक्ष्य
"स्वास्थ, शिक्षित ,सम्मानित, मध्यम आय तथा मर्यादित रोजगार प्राप्त गर्ने सुखी नागरिक बसोबास गर्ने जलवायु परिवर्तनको असर तथा प्रकोपको जोखिमबाट सुरक्षित , हरियाली , मनोरम र स्वच्छ गंगाजमुनाको चाहना रहेको छ ।

### २.३.२. उद्देश्य

१.स्थानीय स्रोतहरुलाई आर्थिक समृद्धिको आधारका रुपमा विकास गर्दै सामाजिक क्षेत्र विकासका सूचकहरुलाई प्रदेश समृद्धिको मापदण्डमा पुर्‍याउनु ।

२.समृद्ध गाउँपालिका निर्माणका लागि सरकारी, निजी, सहकारी र गैह्र-सरकारी साझेदारीको विकास गर्नु ।

३.गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी, पारदर्शी, सर्वसुलभ र उपलब्धिमूलक बनाउने

४.नागरिकहरुलाई सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा र सुशासनको अनुभूति गराउनु ।

५.कृषि, पशुपालन, पर्यटन र जडिबुटीका क्षेत्रमा अवसरहरु खोज्ने जोड दिने ।

### २.३.३. रणनीति

क) कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण , विविधिकरण र औद्योगिकरण गर्ने ।

ख) पर्यटन , जडिबुटी एवं स्थानीय स्रोतमा आधारित उद्योग तथा व्यवसायको सिर्जना र विकास गर्ने ।

ग) गुणस्तरीय तथा व्यवसायिक शिक्षा , स्वास्थ्य सेवा , स्वच्छ खानेपानी र सरसफाइ सुविधा , सामाजिक सुरक्षा तथा सशक्तिकरण प्रवर्द्धन तथा सुनिश्चित गर्ने ।

घ) यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विकास र विस्तार गर्ने ।

ङ) विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, विपद तथा जलवायु उत्थानशील र दिगो बनाउने ।

च) अन्तर सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई सुदृढ बनाउने।

छ) पर्यटन, कृषि र लघु उद्यम जस्ता उत्पादनसँग प्रत्यक्ष सम्बन्धित भएका क्षेत्रका लागि चाहिने भौतिक पूर्वाधारहरू निर्धारित समय र न्यून लागतमा उच्च गुणस्तरयुक्त निर्माण सम्पन्न गरी दिगो र समावेशी आर्थिक बृद्धि गर्ने ।

ज) गाउँपालिका स्थित विद्यालयहरुलाई प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहन गरी स्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधनको उत्पादन गर्ने ।

झ) स्वास्थ्य, फलफल, पशुपालन ।

## २.४. मध्यमकालिन आर्थिक खाका

गाउँपालिकाको आवधिक योजनामा उल्लेखित लक्ष्यहरुका आधारमा आगामी ३ वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाका तयार गर्दा कृषि तथा पशु क्षेत्रहरुको स्थलगत रुपमा गाँउपालिकाबाट संकलन भएको तत्थ्यांङ्कलाई आधार मानी तयार गरिएको छ । अन्य तत्थ्यांङ्कहरु आवधिक योजना तथा प्रदेशको पञ्चबर्षीय योजना समेतलाई आधार मानिएको छ । गाउँपालिकामा हाल बिस्तृत तथा समग्ररुपमा तत्थ्यांङ्क उपलब्ध नभएकोले विद्यमान अवस्था पहिचान गर्न समस्या रहेको तथा कमजोर क्षेत्रमा लगानीको सुनिश्चितता र लगानीको मात्रा पहिचान गर्न वैज्ञानिक आधार तयार नभएको देखिन्छ ।

**तालिका १ : *मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | गत आ.व.को उपलब्धि | मध्यमकालीन लक्ष्य (नगरपालिका) | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | | ०.६६५ | | ०.६८ |
| २ | औसत आयु | वर्ष | | ०.८० | | ०.८२ |
| ३ | ग्राहर्स्थ प्रतिव्यक्ति आम्दानी | युसडलर | | २२० | २५० | ३०० |
| ४ | साक्षरता दर (१५ बर्ष भन्दा माथि) | प्रतिशत | ७५.०१ | ८०.० | ८५.० | ९०.० |
| ५ | वेरोजगारी दर | संख्या | ४१९२ | ३५०० | ३००० | २५०० |
| ६ | निरपेक्ष गरिबीको रेखामुनी | संख्या | २७ | २५ | २२ | १८ |
| ९ | औषत पारिवारिक आय | रु. लाखमा | १४४ | १४५ | १४८ | १५२ |
| १० | उद्योग, व्यापार र व्यावसाय | संख्या | ३२७९ | ३५०० | ४००० | ४५०० |
| ११ | औपचारिक क्षेत्रमा रोजगार | जना | ३८ | ४० | ४२ | ४५ |
| १२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २० | २२ | २५ | ३० |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको १६ औ योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना तथा पालिकाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८२/८३ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : सार्वजनिक खर्च र खर्च व्यहोर्ने श्रोतहरु**

| क्र.सं. | बजेटको स्रोत | स्रोत प्रक्षेपण रकम (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| | आय | **५४५,४७२,८५१** | **५७२,७४६,४९३** | **६०१,३८३,८१८** |
| १ | आन्तरिक स्रोत | १२,९९९,०९६ | १३,६४९,०५१ | १४,३३१,५०४ |
| २ | राजस्व बाँडफाँड | ७६,७३८,२०९ | ८०,५७५,११९ | ८४,६०३,८७५ |
| ३ | रोयल्टी बाँडफाँट | ५००,००० | ५२५,००० | ५५१,२५० |
| ४ | संघीय सरकारबाट प्राप्त हुने अनुदान | ३८५,२२०,७३२ | ४०४,४८१,७६९ | ४२४,७०५,८५७ |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | ६७,०१४,८१४ | ७०,३६५,५५४ | ७३,८८३,८३२ |
| ६ | विविध आय | ३,०००,००० | ३,१५०,००० | ३,३०७,५०० |

**तालिका ३ :सार्वजनिक खर्चको बाडफाँड**

| क्र.सं. | बजेटको स्रोत | स्रोत प्रक्षेपण रकम (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| | व्यय | **५४५,४७२,८५१** | **५७२,७४६,४९३** | **६०१,३८३,८१८** |
| १ | प्रशासनिक खर्च | २२५,९०४,५५२ | २२६,२६४,३०५ | २२६,६२४,६३१ |
| २ | विकास खर्च | ३१९,५६८,२९९ | ३४६,४८२,१८८ | ३७४,७५९,१८७ |

**तालिका ४:** ***प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | मध्यमकालीन लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गंगाजमुना | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| १ | खाद्यान्न बाली उत्पादन (हजारमा) | मे.टन | १००१ | १३७ | १३८ | १३९ | १४० |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि. | ३० | ११००० | ११२०० | ११४०० | ११५०० |
| ३ | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | १७४ | ११५१८ | १२००० | १३०० | १४००० |
| ४ | पर्यटन आगमन (हजारमा) | संख्या | १००० | ३०० | ३५० | ३९० | ४०० |
| ५ | पर्यटन क्षेत्रमा रोजगारी (हजारमा) | संख्या | ११६ | ३०० | ३१० | ४०० | ५०० |
| ६ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६९ | ९९ | ९९ | १०० | १०० |
| ७ | आधारभूत खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ८०.० | ७४ | ७६ | ८० | ८७ |
| ८ | सिंचित क्षेत्रफल (हजारमा) | हेक्टर | ५६.५ | १० | १५ | २० | २१ |
| ९ | जम्मा सडक निर्माण लम्बाई | कि.मी. | ६०,१६२ | २४४ | २५९ | २७० | २९९ |
| १० | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ५७.६ | ८० | ८२ | ८५ | ८८ |
| ११ | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | १००० | ११०० | १२०० | १३०० |
| १२ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | १७५ | १९० | २०० | २३० |
| १३ | विद्यालय वचैमा छोड्ने दर | प्रतिशत | | १५ | १४ | १३ | १३ |
| १४ | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | | ३ | ३ | २ | १ |
| १५ | प्रारम्भिक कक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | जना | ९२.३ | ८८३ | ८८५ | ८८८ | ८९० |
| १६ | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ४३.९ | ८७ | ८७ | ८० | ८८ |
| १७ | कक्षा १० को निरन्तरता दर | प्रतिशत | | ७५ | ७६ | ७० | ७८ |
| २० | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८७ | ८८ | ८९ | ९० | ९४ |
| २१ | सरसफाई सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९६.६ | ७२ | ७५ | ८० | ८७ |

## २.६ मध्यमकालीन बजेट खाका

तालिका ५: *त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण ( रकम रु. हजारमा)*

| क.सं. | बजेटका स्रोतहरु | प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | |
| **क.** | **कूल राजस्व र अनुदान** | **१८८२१६९** | **२०६५७६८** | **२२७०७१७** | **६२१८६५४** |
| १ | **आन्तरिक आय** | **५८७५००** | **६४६२५०** | **७१०८७५** | **१९४४६२५** |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **५९५६७७** | **६३०९९२** | **६९४०९१** | **१९२०७६१** |
| | *नेपाल सरकार* | *११०६२८* | *१२१६९१* | *१३३८६०* | *३६६१७९* |
| | *प्रदेश सरकार* | *४८५०४९* | *५०९३०१* | *५६०२३२* | *१५५४५८२* |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **०** | **११३१** | **११८८** | **२३१९** |
| | *वन रोयल्टी* | *०* | *१५०* | *१५८* | *३०८* |
| | *खानी रोयल्टी* | *०* | *९८१* | *१०३०* | *२०११* |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **५९८४००** | **६७८२४०** | **७४६०६४** | **२०२२७०४** |
| | *वित्तीय समानीकरण अनुदान* | *२१४१००* | *२३५५१०* | *२५९०६१* | *७०८६७१* |
| | *सशर्त अनुदान* | *३६७७००* | *४०४४७०* | *४४४९१७* | *१२१७०८७* |
| | *समपुरक अनुदान* | *०* | *२००००* | *२२०००* | *४२०००* |
| | *विशेष अनुदान* | *१६६००* | *१८२६०* | *२००८६* | *५४९४६* |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **८०५९२** | **८७१५५** | **९४२९९** | **२६२०४६** |
| | *वित्तीय समानीकरण अनुदान* | *१८८७२* | *२०७५९* | *२२८३५* | *६२४६६* |
| | *सशर्त अनुदान* | *२५७९१* | *२८३७०* | *३१२०७* | *८५३६८* |
| | *समपुरक अनुदान* | *२९९२९* | *३१४२५* | *३२९९७* | *९४३५१* |
| | *विशेष अनुदान* | *६०००* | *६६००* | *७२६०* | *१९८६०* |
| ६ | **अन्य अनुदान** | **०** | **०** | **०** | **०** |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | **०** | **०** | **०** | **०** |
| ८ | **जनसहभागिता** | **२००००** | **२२०००** | **२४२००** | **६६२००** |
| **ख.** | **कूल खर्च** | **१८८२१६९** | **२०६५७६८** | **२२७०७१७** | **६२१८६५४** |
| १ | चालु खर्च | ९८५४८४ | १०८१२६५ | ११८८५४० | ३२५५२८९ |
| २ | पुंजीगत खर्च | ८९६६८५ | ९८४५०३ | १०८२१७७ | २९६३३६५ |
| ३ | बचत बजेट | ० | ० | ० | ० |
| ४ | वित्तीय व्यवस्था | | ० | ० | ० |
| ५ | आन्तरिक श्रण | | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपण विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका मा प्रस्तुत गरिएको छ ।

**तालिका ६: *दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

***( रु. हजारमा)***

| क्र.स. | विषय क्षेत्र | २०८२।८३ को व्यय अनुमान | | | २०८३।८४ को खर्च प्रक्षेपण | | | २०८४।८५ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि विकास | ५६९०० | ३३००२ | २३८९८ | ५७५७० | ३३३९१ | २४१७९ | ६१६७७ | ३५७७३ | २५९०४ |
| २ | सिंचाई | १५९०० | ६०४२ | ९८५८ | १६६९५ | ६३४४ | १०३५१ | १८३६५ | ६९७९ | ११३८६ |
| ३ | पशुपंछि विकास | ३८८०० | २४०५६ | १४७४४ | ४०७४० | २५२५९ | १५४८१ | ४४८१४ | २७७८५ | १७०२९ |
| ४ | पर्यटन तथा सँस्कृति | ५३५०० | २५६८० | २७८२० | ५०३७५ | २४१८० | २६१९५ | ५२८९४ | २५३८९ | २७५०५ |
| ५ | उद्योग, व्यापार तथा व्यवसाय | ६८१०० | ३३३६९ | ३४७३१ | ५०६८० | २४८३३ | २५८४७ | ५५५४८ | २७२१९ | २८३२९ |
| ६ | श्रम तथा रोजगार | २४७०० | १३३३८ | ११३६२ | २५९०५ | १३९८९ | ११९१६ | २८५६८ | १५४२६ | १३१४१ |
| ७ | वित्तिय सेवा तथा सहकारी | १३००० | ११७०० | १३०० | १२६०० | ११३४० | १२६० | १३८६० | १२४७४ | १३८६ |
| | **आर्थिक विकास जम्मा** | **२७०९००** | **१४७१८७** | **१२३७१३** | **२५४५६५** | **१३९३३५** | **११५२३०** | **२७५७२५** | **१५१०४४** | **१२४६८१** |
| ८ | शैक्षिक विकास | १२३८०० | ९२८५० | ३०९५० | १२९९९० | ९७४९३ | ३२४९८ | १४२६७४ | १०७००६ | ३५६६९ |
| ९ | जनस्वास्थ्य र पोषण | ८५५०० | ६६६९० | १८८१० | ८९७७५ | ७००२५ | १९७५१ | ९८७५३ | ७७०२७ | २१७२६ |
| १० | खानेपानी तथा सरसफाई | ११०८०० | ४४३२० | ६६४८० | ११६३४० | ४६५३६ | ६९८०४ | १२७९७४ | ५११९० | ७६७८४ |
| ११ | महिला, वालबालिका र समावेशीकरण | १७६०० | १४७८४ | २८१६ | १८४८० | १५५२३ | २९५७ | २०३२८ | १७०७६ | ३२५२ |
| १२ | युवा तथा खेलकुद | २६८०० | १७६८८ | ९११२ | २८१४० | १८५७२ | ९५६८ | ३०९५४ | २०४३० | १०५२४ |
| १३ | संस्कृति, भाषा, कला तथा साहित्य | २४००० | २१६०० | २४०० | २५२०० | २२६८० | २५२० | २७७२० | २४९४८ | २७७२ |
| | **सामाजिक विकास जम्मा** | **३८८५००** | **२५७९३२** | **१३०५६८** | **४०७९२५** | **२७०८२९** | **१३७०९६** | **४४८४०३** | **२९७६७५** | **१५०७२७** |
| १४ | बस्ती, आवास र शहरी विकास | ४१८५०० | १५९०३० | २५९४७० | ४३९४२५ | १६६९८२ | २७२४४४ | ४८३३६८ | १८३६८० | २९९६८८ |
| १५ | सडक, पुल तथा यातायात | ३६०००० | १२६००० | २३४००० | ३७८००० | १३२३०० | २४५७०० | ४१५८०० | १४५५३० | २७०२७० |
| १६ | विद्युत तथा स्वच्छ उर्जा | १०४५०० | ४५९८० | ५८५२० | १०९७२५ | ४८२७९ | ६१४४६ | १२०६९८ | ५३१०७ | ६७५९१ |
| १७ | विद्युतीय सुशासन, सूचना र संचार | ११६०० | ५४५२ | ६१४८ | १२१८० | ५७२५ | ६४५५ | १३३९८ | ६२९७ | ७१०१ |
| | **पूर्वाधार विकास जम्मा** | **८९४६००** | **३३६४६२** | **५५८१३८** | **९३९३३०** | **३५३२८५** | **५८६०४५** | **१०३३२६३** | **३८८६१४** | **६४४६४९** |
| १८ | वन, हरियाली र जैविक विविधता | १०८०० | ५०७६ | ५७२४ | १२०९० | ५६८२ | ६४०८ | १२४७४ | ५८६३ | ६६११ |
| १९ | भूसंरक्षण र जलाधार व्यवस्थापन | ३७५०० | १५००० | २२५०० | ३६१७५ | १४४७० | २१७०५ | ३९७९३ | १५९१७ | २३८७६ |
| २० | वातावरण तथा सरसफाई व्यवस्थापन | ६८६०० | ४३२१८ | २५३८२ | ७२०३० | ४५३७९ | २६६५१ | ७९२३३ | ४९९१७ | २९३१६ |
| २१ | विपद् व्यवस्थापन | ४५८०० | ३५७२४ | १००७६ | ४५४६५ | ३५४६३ | १०००२ | ५००१२ | ३९००९ | ११००३ |
| | **वातावरण व्यवस्थापन जम्मा** | **१६२७००** | **९९०१८** | **६३६८२** | **१६५७६०** | **१००९९४** | **६४७६६** | **१८१५११** | **११०७०६** | **७०८०५** |
| २२ | सहरी शासन तथा विकास नीति | ४४४०० | ३८६२८ | ५७७२ | ४६०९५ | ४०१०३ | ५९९२ | ५०७०५ | ४४११३ | ६५९२ |
| २२ | संगठन तथा क्षमता विकास | ६६१६९ | ५८२२९ | ७९४० | १९६३९८ | १६८९०२ | २७४९६ | २१८७३३ | १८८११० | ३०६२३ |
| २४ | राजस्व तथा श्रोत परिचालन | ८२०० | ७१३४ | १०६६ | ७०३५ | ६१२० | ९१५ | ७७३९ | ६७३२ | १००६ |
| २५ | सहरी योजना र | ४६७०० | ४०८९४ | ५८०६ | ४८६६० | १६९७ | ४६९६३ | ५४६४० | १५४६ | ५३०९४ |

| क.स. | विषय क्षेत्र | २०८२।८३ को व्यय अनुमान | | | २०८३।८४ को खर्च प्रक्षेपण | | | २०८४।८५ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| | विकास व्यवस्थापन | | | | | | | | | |
| **संस्थागत विकास जम्मा** | | १६५४६९ | १४४८८५ | २०५८४ | २९८१८८ | २१६८२२ | ८१३६६ | ३३१८१६ | २४०५०१ | ९१३१४ |
| | **कूल जम्मा** | १८८२१६९ | ९८५४८४ | ८९६६८५ | २०६५७६८ | १०८१२६५ | ९८४५०३ | २२७०७१७ | ११८८५४० | १०८२१७७ |

## जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिकामा प्रस्तुत छ ।

**तालिका ७ : तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०८२।८३ को अनुमान | | २०८३।८४ को प्रक्षेपण | | २०८४।८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने | ३३ | १०९१६६ | ५.८ | ९९१५७ | ४.८ | १०८९९४ | ४.८ |
| २ | दृष्यावलोकन, भ्रमण तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने | १२ | ४७०५४ | २.५ | ४५४४७ | २.२ | ४७६८५ | २.१ |
| ३ | कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने | २५ | ७३४०५ | ३.९ | ७८४९९ | ३.८ | ८४०१७ | ३.७ |
| ४ | गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुद्बढ सरसफाई तथा खानेपानी सुविधा, सहज सामाजिक सुरक्षा पहुँच र उपभोग सुनिश्चित गर्ने | ६३ | ४७९९५३ | २५.५ | ५२८८३७ | २५.६ | ५७९०३३ | २५.५ |
| ५ | यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने | २५ | ७५८५१४ | ४०.३ | ८२२१७६ | ३९.८ | ९०६०१६ | ३९.९ |
| ६ | विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने | ३१ | १३७३९८ | ७.३ | १४४६०४ | ७.० | १५८९५० | ७.० |
| ७ | अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने | १९ | २२९६२५ | १२.२ | २९७४७१ | १४.४ | ३३१५२५ | १४.६ |
| ८ | सेवा प्रवाह, आयोजना व्यवस्थापन तथा आन्तरिक राजश्व सुदृढ गर्ने | १४ | ४७०५४ | २.५ | ४९५७८ | २.४ | ५४४९७ | २.४ |
| | **जम्मा** | २२२ | १८८२१६९ | १०० | २०६५७६८ | १००.० | २२७०७१७ | १०० |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण समावेश गरिएको छ।

**तालिका ८ : *आगामी तीन आ.व.को विषय उप क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण***

*(रकम रु. हजारमा)*

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०८२।८३ को व्यय अनुमान | | २०८३।८४ को खर्च प्रक्षेपण | | २०८४।८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ९ | २०७०४ | १.१ | २२७२३ | १.१ | २४९७८ | १.१ |
| २ | शुन्य भोकमरी | २२ | ६०२२९ | ३.२ | ६१९७३ | ३.० | ६८१२२ | ३.० |
| ३ | स्वस्थ्य जीवन | १९ | ७३४०५ | ३.९ | ७८४९९ | ३.८ | ८६२८७ | ३.८ |
| ४ | गुणस्तरीय शिक्षा | १६ | १०५४०१ | ५.६ | ११३६१७ | ५.५ | १२४८८९ | ५.५ |
| ५ | लैंगिक समानता | ८ | १५८१०२ | ८.४ | १७७६५६ | ८.६ | १९७५५२ | ८.७ |
| ६ | सफा पानी र स्वच्छता | ९ | ९४१०८ | ५.० | १०१२२३ | ४.९ | १११२६५ | ४.९ |
| ७ | आधुनिक उर्जामा पहुँच | ५ | ८८४६२ | ४.७ | ९७०९१ | ४.७ | १०६७२४ | ४.७ |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | १४ | ६३९९४ | ३.४ | ६४०३९ | ३.१ | ६८१२२ | ३.० |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ३४ | ३९७१३८ | २१.१ | ४१३१५४ | २०.० | ४५४१४३ | २०.० |
| १० | असमानता न्यूनीकरण | १ | ५६४७ | ०.३ | ६१९७ | ०.३ | ६८१२ | ०.३ |
| ११ | दीगो शहर र समुदाय | ३८ | ५१३८३२ | २७.३ | ५५७७५७ | २७.० | ६१३०९४ | २७.० |
| १२ | दीगो उपभोग र उत्पादन | ७ | २४४६८ | १.३ | २६८५५ | १.३ | २७२४९ | १.२ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | ४ | १३१७५ | ०.७ | १४४६० | ०.७ | १५८९५ | ०.७ |
| १४ | पानी मुनीको जीवन | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १५ | जमीन माथिको जीवन | १० | २४४६८ | १.३ | २४७८९ | १.२ | २४९७८ | १.१ |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | १९ | २२९६२५ | १२.२ | २९७४७१ | १४.४ | ३३१५२५ | १४.६ |
| १७ | दीगो विकासका लागि साझेदारी | ७ | ९४११ | ०.५ | ८२६३ | ०.४ | ९०८३ | ०.४ |
| | जम्मा | २२२ | १८८२१६९ | १००.० | २०६५७६८ | १००.० | २२७०७१७ | १००.० |

## परिच्छेद-३ आर्थिक विकास क्षेत्र

यस परिच्छेद अन्तर्गत सिंचाई, पर्यटन तथा संस्कृति कृषि तथा खाद्य, पशु विकास, उद्योग तथा व्यापार, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ३.१ कृषि तथा खाद्य सुरक्षा

#### ३.१.१ पृष्ठभूमि

पालिकामा ७८ प्रतिशत भन्दा धेरै घर परिवार गैह्रकृषि क्षेत्रसँग सम्बन्धित पेशा व्यवसायमा संलग्न रहेका छन । यो पालिका स्वभाविक रुपमा पर्यटकीय केन्द्रको रुपमा चिनाँदै गएको छ । पालिका करीव २० प्रतिशत परिवार कृषिमा आवद्ध छन् त्यसमा पनि पूर्णरुपमा कृषिमा नै निर्भर संख्या भने लगभग ६ प्रतिशत मात्र हो । यस सम्बन्धमा कृषिबाट हुने न्यून आम्दानी मुख्य सरोकारको विषय बनेको छ किनकि कृषि क्षेत्रबाट हुने आम्दानी दैनिक ज्यालादारीको भन्दा पनि कम रहेको पाईन्छ ।

#### ३.१.२ समस्या तथा चूनौति

जमिनको खण्डीकरण भई गैह्रकृषि प्रयोजनमा जाने क्रम बढदै गएको, गाउँबाट पलायन भइ  शहरी जीवनशैलीमा आकर्षण बढिरहेको, आधुनिक खेती प्रणालीले महत्व पाइनसकेको, औद्योगिक विकासका लागि कतिपय कृषि क्षेत्रको वैकल्पिक उपयोग गर्नुपर्ने अवस्था रहेको कारण उपयुक्त भू-उपयोग योजना बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउने र कृषि उत्पादनमा स्वनिर्भरता बढाउने विषय चुनौतीको रुपमा रहेको छ । वैज्ञानिक प्रविधिको प्रयोग नहुँदा कृषिजन्य उत्पादनमा बृद्धि नहुनु र उत्पादित वस्तुको व्यावसायीकरण गरी आर्थिक विकास गर्न नसक्दा यसबाट खासै उपलब्धि हासिल गर्न सकिएको देखिदैन । भूस्वरुपमा परिवर्तन, परम्परागत प्रविधिको प्रयोग, भरपर्दो सिंचाई सुविधाको कमी, कृषि ऋृण पहूँच र उपलब्धतामा कमी, कृषि बजारको असुविधा यस पालिकाको कृषि उपक्षेत्रका प्रमुख समस्याहरु हुन् ।

#### ३.१.३ सोच

“व्यावसायिक तथा उत्पादनशील कृषि”

#### ३.१.४ उद्देश्य

१) हाल भैरहेको कृषि व्यवसायमा उन्नत प्रविधि र यान्त्रिकीकरणको प्रयोगद्वारा क्रमिक रुपमा व्यावसायीकरण र भिरालो खेतीलाई प्रवर्द्धन गर्न ।

२) आधुनिक कृषिमा अग्रणी भुमीकामा स्थापित गर्नु ।

### ३.१.५ रणनीति

१) कृषि उत्पादन बढाउन आधुनिक उत्पादन अभ्यास र प्रविधिको उच्चतम उपयोग गर्ने ।
२) सामुहिक र सहकारी खेती प्रणाली प्रवर्द्धन गरी आधुनिक कृषिको नमुना प्रस्तुत गर्ने ।
३) कृषिमा सञ्चालित विभिन्नखाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत र प्रभावकारी बनाउने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कृषि तर्फ आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका ९ : तीन आर्थिक वर्षको अपेक्षित नतिजाका**

| सूचक | इकाई | आधार वर्ष (२०८१/८२) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८२।८३ | २०८३।८४ | २०८४।८५ |
| **आर्थिक क्षेत्र** | | | | | |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | ३०६२२ | ३०८०० | ३०९०० | ३१००० |
| उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | ११५१८ | १२००० | १३००० | १४००० |
| नोकरी | संख्या | १७३४३ | १७५०० | १८००० | १८५०० |
| पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | ३००० | ३१०० | ४००० | ५००० |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | ५१४५ | ५१४० | ५१०० | ५००० |
| ज्याला मजदुरी | संख्या | ५३१९ | ५२०० | ५१५० | ५१०० |
| उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | संख्या | ३००० | ३१०० | ३२०० | ३३०० |
| **कृषि विकास** | | | | | |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | ३५०८ | ३६०० | ५००० | ६००० |
| वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | २०,००० | २०००० | २०५०० | २१००० |
| खेती गरिएको जमिन | रु. हजारमा | ५० | ५५ | ६० | ६५ |
| साना किसानको औषत वार्षिक आय | हेक्टर | ९७००० | ९८००० | ९९००० | १०००० |
| तरकारी उत्पादन | मे.टन | १३७ | १३८ | १३९ | १४० |
| सडक पुल आकस्मिक मर्मत संभार कोष सञ्चालन | यातायातको सुबिधा पुर्याउने | २०८२-८३ देखि २०८४-८५ सम्म | |

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

गंगाजमुना गाउँपालिकाको दिगो विकासका लागि विद्यूत तथा बैकल्पिक ऊर्जाको उत्पादन तथा पहुँच विस्तारले महत्वपूर्ण भूमिका खेल्दछ । यस गाउँपालिकाका घरेलु उपयोगमा खाना पकाउने इन्धनहरुको रुपमा करिव ९० प्रतिशत घरमा दाउराको प्रयोग हुदै आएको छ भने दोश्रो तहमा एलपी ग्याँस १० प्रतिशत घरमा पय्रोग हुदै आएको छ । यसैगरी ४ प्रतिशत घरमा भने वायो ग्यास उपयोग हुदै आएको अवस्था छ । खाना पकाउने प्रयोजनका हिसावमा बिजुली प्रयोग गर्ने घरधूरी करिब ७० प्रतिशत छन्  भने अझै केही घरधूरी (०.२ प्रतिशत)मा मट्टीतेलको प्रयोग हुदै आएको छ । घरेलु उज्यालोका लागि गंगाजमुना गाउँपालिकामा झण्डै सबै घरधूरी ५,५१४ (९४.२३ प्रतिशत) मा बत्ती बाल्न विद्युतीय ऊर्जा प्रयोग हुने गरेको छ । यस गाउँपालिकाका कुल घरधूरीको ५३२ (करीव १० प्रतिशत) घरले सोलार, ५९ (१.०६ प्रतिशत) ले मट्टीतेल र ३३ (०.६ प्रतिशत) घरधूरीले मात्र वायोग्याँसको प्रयोग गर्ने गरेको अवस्था विद्यमान छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बुढीगण्डकी जलविद्युत आयोजनाका साथै धादिङ जिल्लाको प्रमुख आयोजनाको रुपमा रहेको आँखुखोला जलविद्युत आयोजनाको जलाधार क्षेत्र यो गाँउपालिकामा पर्दछ ।

### ४.३.२ समस्या तथा चूनौति

ऊर्जा क्षेत्रका समस्यालाई उपयोग शैली र उत्पादन प्रणालीसँग जोडेर हर्ने सकिन्छ । यस गाउँपालिकामा स्थानीय स्रोतमा आधारित ऊर्जाको प्रयोग नगरी आयातित उर्जामा निर्भरता बढीरहको अवस्था नै समस्या हो भने अर्कातिर भिरालो क्षेत्रबाट अत्याधिक चापसहित बग्ने ठाडा खोलाहरुबाट विद्युत निकाल्न सकिने सम्भावना भएतापनि हालसम्म विद्युत् उत्पादन र अनुमति प्रदान गर्ने सम्पूर्ण अधिकार केन्द्रीय सरकारमा निहित रहनु, सर्वेक्षण अनुमति देखि विद्युत खरीद सम्झौता गर्दा सम्मका कार्य प्रक्रिया, जग्गा व्यवस्थापन र वातावरणीय अध्ययन कार्य झन्झटिला र केन्द्रीकृत हनु विद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग सञ्चालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुन नसक्नु, विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, सौर्य उर्जाका उपकरणहरुको सहुलियत बजार उपलब्ध नहुनु ऊर्जा क्षेत्रका प्रमुख समस्याहरू हुन् भने स्थानीय तहमा वकैल्पिक ऊर्जाको प्रर्द्धधन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुनु पनि यस क्षेत्रका मुख्य समस्याहरू मानिन्छन् ।

### ५.३.३ सोच

“ विद्युतीय ऊर्जाको दिगो विकास गरी उज्यालो गंगाजमुना गाउँपालिका बनाउन ”

### ५.३.४ उद्देश्य

१) घरायसी तथा उत्पादन प्रयोजनका लागि विद्युतीय ऊर्जा विस्तार गर्नु ।
२) जलविद्यतु विकासमार्फत विद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु ।
३) जलविद्यतउत्पदनमा नीजि क्षत्रलाई प्रोत्सहन गरने ।
४) गाउँपालिकामा उर्जाको प्रयोग गरी औधोगिक वातावरण तयार गर्ने ।
५) बैकल्पक उर्जाको प्रयोगलाई बढाउने।

### ५.३.५ रणनीति

१) चालु अवस्था रहेका जलविद्यतु आयोजनाहरुलाई अधिकतम क्षतामा उत्पादन गर्ने वातावरण तयार गर्ने ।
२) नीजि क्षेत्रलाई थप नयाँ जलविद्यतु आयोजनाहरुमा लगानी गर्न प्रोत्सहन गर्ने ।
३) औधोगिक ग्रामा स्थपना हनेउद्योगहरुमा विद्यतु खपत बढाउने र उत्पादन बृद्धी गर्ने ।
४) बैकल्पक उर्जाको प्रयोगमा प्रोत्साहन गर्ने ।
५) प्रत्येक बस्तीमा विद्युत प्रसारण विस्तार गर्ने ।
६) लघु जलविद्युत उत्पादन को सम्भाव्यता पहिचान गरी ऊर्जाको व्यवसायिक विकास गर्ने ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

सहभागिता मूलक विकासका लागि सुशासन र सञ्चार पहुँच आधारभूत सर्तहरु हुन् । यस गंगाजमुना गाउँपालिकाका नागरिकहरुको विकासमा सहभागिता वृद्धि र सरकारको जवाफदेहिता सहित नागरिक संतुष्टी बढाउन गाउँपालिकाका नागरिकहरुमा सञ्चार प्रविधिको पहुँच र पूर्वाधार विकास महत्वपूर्ण हनु आउँछ । विद्युतीय सूचना प्रणालीका माध्यमबाट शासनको व्यवस्थापन गर्ने डिजिटल शासनको सञ्जालीकरण अभ्यासमा अन्य स्थानीय तहको सक्रियतालाई ध्यानमा राख्दै संचारप्रविधि मैत्री पूवार्धार विकासका लागि गंगाजमुनाले पनि रणनीतिक योजना बनाउनु आवश्यक रहेको छ ।

### ५.४.३ सोच

“ सर्वसुलब सूचना र प्रविधी तथा यसको प्रयोगबाट तिब्र आर्थिक बद्धि ”

### ५.४.४ उद्देश्य

१) सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक वनाई स्थानीय विकासमा योगदान पुर्‍याउनु।
२) आम नागरिकमा विकासका सूचना समाचार लगायत सञ्चारको पहँचुमा पुर्‍याउनु ।
३) सूचना र संचारको प्रयोगबाट रोजगारी श्रजना गर्नु ।
४) सूचना र संचारको प्रयोग गरी सेवा प्रवाह सरलीकरण  गर्नु ।
५) सबैगाउँबस्ती सर्वसुलब ईन्टरनेट सेवा विस्तार गर्नु ।
६) शिक्षा स्वास्थ लगायत सामाजिक क्षेत्रमा सूचना र सञ्चार प्रविधीको प्रयोग गर्नु ।

### ५.४.५ रणनीति

१) सूचना र संचार क्षत्रको जनशक्ति तयार गर्नतालिमको व्यस्थ गर्नु ।
२) कृषि, पशुपालन शिक्षा, स्वास्थ जस्ता क्षेत्रहरुमा सूचना र संचारको प्रयोग गरी आय आर्जन बृद्धि गरने तथा नयाँ प्रविधी र सीप भित्त्राउने।
३) सूचना र संचारको प्रयोग गरी उत्पादीत बस्तुको बजारीकरण गर्नु ।
४) ईन्टरनेट सेवाहरुको विस्तार गर्नु ।

५) स्थानीय बस्ती र पर्यटकीय विन्दुहरुमा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न नेपाल टेलीकम र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

६) स्थानीय नागरिकमा आमसञ्चारको पहुँच विस्तार गरी विकासमा टेवा पुऱ्याउने गरी सहकारीमा आधारित मिडिया विकास र साझेदारी प्रोत्साहन गर्ने ।

## परिच्छेद-६ वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण

#### ६.१.१ पृष्ठभूमि

गंगाजमुना गाउँपालिकाको भौगोलिक भिन्नतासँगै वन तथा वातावरण र जैविक सम्पदामा पनि विविधता रहेको छ । यस गाँउपालिकाको ठूलो हिस्सा ( कुल भूभागको ६६ प्रतिशत ) मा वन क्षेत्र रहेको छ । जडिवुटीका प्रचुर संभावना रहेको यहाँको वन जैविक विविधताका दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ ।

#### ६.१.२ समस्या तथा चूनौति

| **सबलपक्ष(Strengths)** | **दुर्बलपक्ष(Weakness)** |
|---|---|
| बन क्षत्रले ओगटेको भुभाग रहनु ।<br><br>सामुदायिक बन उपभोक्ता समितिहरुको सकृयता बढ्नु।<br><br>औधोगिक ग्रामा काठ प्रशोधन उद्योग सञ्चालन गर्नसकिने सम्भाना रहनु ।<br><br>जडिबुटि प्रशोधन उद्योग सञ्चालन गर्नसकिने अवस्था रहेको ।<br><br>गंगाजमुना हिमश्रृङ्खला, पञ्चासे जैविक विविधताको क्षेत्र र गंगाजमुना संरक्षण क्षेत्र सँगै यहाँका विभिन्न जलश्रोत मूहानको भण्डारण र पूर्णभरण रिचार्ज पोखरी) मा | जनजीवीकाका वैकल्पिक उपार्जनसँग वन व्यवस्थापन प्रणाली जोडन नसकिएको । |

| | |
|---|---|
| योगदान दिने पोखरीहरुको संरक्षण गर्न सकेमा यहाँको वन र जैविकतासँगै पर्या पर्यटनबाट निरन्तर लाभ लिन सकिने अवसर बनेको छ । वैज्ञानिक वन लेखाजोखा (इनभेन्ट्रि) गररे जडीबुटी केन्द्रको स्थापना, वन पैदावरको सङ्कलन केन्द्रको स्थापना, व्यवसायिक जडीबूटी खेती र आयुर्वेद प्रणालीमा बजारीकरण, वैज्ञानिक वन व्यवस्थापन, परास्परागत खर्क व्यवस्थापन लगायत कच्चापदार्थको उत्पादनमा सामुदयिक साझेदारीका अवसरहरु यहका मूल अवसर मानिन्छन । | |
| **अबसर (Opportunity)** | **चुनौती(Threats)** |
| यस गाउँपालिकाको जैविक विविधता र जलाधारको स्रोत नै पर्यापर्यटनको स्रोत हो । | बैज्ञानक बन व्यस्थापन गर्न<br><br>बन पैदावार प्रशोधनबाट प्रतिस्पर्धा बाट बस्तु उत्पदन गर्न<br><br>बनको अधिकारको विषयमा संघ प्रदेश र स्थनीय तहको भुमिका र जिमिरीको अस्प्टता ।<br><br>जौंविक विविधता र वनस्पतिक सम्पदा अतुलनीय रहेता पनि यहाँको जलाधारको संरक्षण र स्वस्थतासँगै पर्यटन तथा जन जीविकाका सबालहरु जोडिएका हुनाले जलाधारको स्वस्थ्यता र स्वच्छता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ<br><br>ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, पहाडी क्षेत्रमा ठुला डोजरको प्रयोग हुनु, खोला खोल्सा लगायत सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित रुपमा प्रयोग हुनु, प्राकृतिक स्रोतको अधिक दोहन, प्रविधि विकाससँगै विकिरणयुक्त वस्तुको |

| | |
|---|---|
| | उत्पादन, पर्यटकको अत्याधिक चापलाई व्यवस्थापनका लागि उत्पादन बढाउन माटोमा रासायनिक मलको प्रयोग र जलाधार क्षेत्रमा विषादी प्रयोगका कारण यहाँको पर्यावरणीय सन्तुलनमा नकारात्मकता प्रवेश गर्न सक्ने सङ्केत देखिएको छ<br><br>वैकल्पिक आर्थिक उपाजर्न सँगसँगै हुनेगरी वन व्यवस्थापन प्रणाली लागु गर्ने । |

### ६.१.३ सोच

“ बैज्ञानक वन व्यस्थापन गरी बन तथा जडिबुटि संरक्षण तथा प्रभावकारी रुपमा विपद् व्यबस्थापन गर्ने ”

### ६.१.४ उद्देश्य

१) बैज्ञानक वन व्यस्थापन गर्नु
२) बन पैदावारबाट आय आर्जन र रोजगारी श्रृजना गर्नु
३) जडिबुटि अध्ययन गरी प्रशोधन र बजारीकरण गर्नु
४) प्रभावकारी रुपमा बिपद् व्यस्थापन गर्नु
५) सुरक्षित जलाधार र जैविक सम्पदाबाट प्राप्तहुने लाभको न्यायोचित वितरण सुनिश्चित गर्नु
६) दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु

### ६.१.५ रणनीति

१) बैज्ञानिक बन व्यस्थापनको निमित्त सहजीकरण गर्नु ।
२) बन उपभोक्ता समितिको आयआर्जनलाई सामुदायिक लाभको लागि उपयोगमा ल्याउने ।
३) जडीबुटी अध्ययनको लागि गंगाजमुना गाउँपालिकाबाट आवश्यक रकम विनियोजन गरी विज्ञ समुहबाट अध्यन गराई जडिबुटिको उपयोग गर्नु ।
४) बन पैदावारलाई कच्च पदार्थको रुपमा उपयोग गरने गरी औधोगिक ग्रामा उद्योग स्थपना गर्ननिजी क्षत्रलाई प्रोत्साहत गर्नु ।
५) विपद् व्यस्थपन कोष खाता आवश्क रकम संकलन गर्नु ।
६) विपद व्यस्थपन सम्न्ध आवश्क कानून तर्यािु गरी रणनीति तयार गर्नु ।
७) विपद व्यस्थपनको निमित्त आवश्क सामाग्री, जनशक्तिको व्यबस्था गर्नु ।

## ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

**तालिका १४ : वन तथा वैज्ञानिक वन व्यवस्थापन**

| क्र.सं. | कार्यक्रम/आयोजना | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| १ | वनका वैज्ञानिक लेखाजोखा | २०८२-८३ देखि २०८४-८५ |
| २ | वन उपभाक्ता समुह र संरक्षण समुहलाइ क्षमता विकास तालिम | २०८२-८३ देखि २०८४-८५ |
| ३ | पैदावार उपयोग सरलीकरण नीति तर्जुमा | २०८२-८३ देखि २०८४-८५ |
| ४ | व्यवसायिक जडीबुटी खेती र प्रशोधन केन्द्र सहयोग । | २०८२-८३ देखि २०८४-८५ |
| ५ | विपद तथा वन-बस्ती बीच द्वन्द्व न्यनिकरण कार्यक्रम | २०८२-८३ देखि २०८४-८५ |
| ६ | विपद व्यवस्थापन कोष कार्यविधि तर्जुमा | २०८२-८३ देखि २०८४-८५ |
| ७ | वन पैदावार उपयोग सरलीकरण नीति तर्जुमा | २०८२-८३ देखि २०८४-८५ |
| ८ | जलाधार संरक्षण समुह गठन र अभिमुखीकरण तालिम | २०८२-८३ देखि २०८४-८५ |
| ९ | जलाधार क्षेत्रमा वातावरणीय मुल्य भक्तानी नीति तर्जुमा र कार्यान्वयन | २०८२-८३ देखि २०८४-८५ |
| १० | वर्षा पानी सङकलन र जल पानीभरण पोखरी निर्माण तथा पिपलवृक्षारोपण | २०८२-८३ देखि २०८४-८५ |
| ११ | मिचाहा प्रजाती रोकथाम कार्यक्रम | २०८२-८३ देखि २०८४-८५ |
| १२ | वन तथा जलाधार सुचना केन्द्र | २०८२-८३ देखि २०८४-८५ |
| १३ | सुख्खा खप्न बालीहरुका जात पहिचान तथा प्रर्वद्धन ( घैया धान, जनला, सजन, फापर, अदुवा, बेसार) | २०८२-८३ देखि २०८४-८५ |

| | | |
|---|---|---|
| १४ | बाली विविधीकरण प्रोत्साहन (कृषि, पशपालन, मसलाबाली, कन्दमल, फलफूल) | २०८२-८३ देखि २०८४-८५ |
| १५ | साना किसानलाइ बाली विविधीकरण अभिमुखीकरण तालिम तथा साझेदारी कार्यक्रम ( मसलाबाली, कन्दमुल, फलफूल) | २०८२-८३ देखि २०८४-८५ |
| १६ | जोखिम संवेदनशिल भु-उपयोग नक्शातयार | २०८२-८३ देखि २०८४-८५ |
| १७ | स्थानीय विपद् व्यवस्थापन संयन्त्र ( विपद् उद्धार दस्ता) निर्माण | २०८२-८३ देखि २०८४-८५ |
| १८ | विपद उद्धार दस्ताका सदस्यलाइ उद्धार तालिम | २०८२-८३ देखि २०८४-८५ |
| १९ | अग्नी जोखिम घर सुधार कार्यक्रम | २०८२-८३ देखि २०८४-८५ |
| २० | अन्तर–गाउँपालिका सहकार्यमा बारुणयन्त्र सञ्चालन | २०८२-८३ देखि २०८४-८५ |
| २१ | जलवायु अनुकुलनका कार्य योजना तर्जुमा । | २०८२-८३ देखि २०८४-८५ |
| २२ | जलवायु अनुकुलन कृषक पाठशाला कार्यक्रम । | २०८२-८३ देखि २०८४-८५ |

## ६.२ जलाधार संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

गंगाजमुना गाउँपालिकाको भौगोलिक भिन्नतासँगै वन तथा वातावरण र जैविक सम्पदामा पनि विविधता रहेको छ । पञ्चासे र गंगाजमुना संरक्षण क्षेत्रका रुपमा चिनिएका विविध वनस्पतिको गर्दा यहाँको वन, वातावरण र भ तथा जलाधारले एकीकृत सम्पदाको पहिचान बोकेको छ । यो सम्पदा वनस्पतिमा मात्र सीमित नभएर साँस्कृतिक र आयुर्वेदीय स्रोतको भण्डारका रुपमा पनि भएकाले एउटै पर्यावरणीय तत्वको फरक फरक आयामका रुपमा वन,वातावरण, जैविक विविधता र भू तथा जलाधार क्षत्रेहरु रहको छन् । यही पर्यावरणीय जैविकता र जलाधार यहाँको जीवन हो, पर्यटन हो र सम्पदाको स्रोत पनि हो ।

### ६.२.२ समस्या तथा चुनौति

| **सबलपक्ष(Strengths)** | **दुर्बलपक्ष(Weakness)** |
|---|---|
| पानीका प्रसस्त मुहानहरु रहनु<br><br>पानीबाट प्रसस्त विद्यतु उत्पादन गर्न सक्ने सम्भाबना<br><br>औधोगिक ग्रामा काठ प्रशोधन उद्योग सञ्चालन गर्नसकिने सम्भाना रहनु ।<br><br>खोला किनारमा जोखिमयुक्त बस्तहरु नहुनु | |
| **अबसर (Opportunity)** | **चुनौती(Threats)** |
| जैविक विविधता र जलाधारको स्रोत नै पर्यापर्यटनको स्रोत | |

### ६.२.३ सोच

“ गाउँपालिकामा विद्यमान वन जलाधार र जैविक विवधताको दिगो व्यवस्थापन गर्ने ”

### ६.२.४ लक्ष्य र उद्देश्य

१) पानीको श्रोत पहिचान र संरक्षण
२) पहिरोको कारण बस्तीलाई पर्ने जोखिमलाई न्यूनीकरण गर्ने ।
३) पर्यावरण संरक्षण गर्ने ।
४) पोखरी निर्माण गरी पानीको संरक्षण गर्ने ।
५) दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
६) सुरक्षित जलाधार र जैविक सम्पदाबाट प्राप्तहुने लाभको न्यायोचित वितरण सुनिश्चित गर्नु ।

### ६.२.५ रणनीति

१) प्रत्येक वडाहरुमा रहेका पानीका मुहानहरुको पहिचान गरी संरक्षणको लागि कार्यक्रम सञ्चालन गर्ने ।

२) गंगाजमुना गाउँपालिकाको बिभिन्न स्थानहरुमा पहिरोको जोखिम अध्यन गरी रोगथामको लागि कार्यक्रम संरक्षण गर्ने

३) बिभिन्न वडाहरुमा पोखरी निर्माण कार्यलाई प्राथमिकता दिन

४) पानीको सही सदुपयोग गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

५) .वनको वैज्ञानिक लेखाजोखा गरी भौतिक उपयोगमा आधारित पैदावार उत्पादकत्वमा जोड दिने ।

६) सुक्खा क्षेत्र , भू–क्षय र पानीका मूहान जोखिम न्यूनीकरण र जलाधार संरक्षण कार्यक्रम लागु गर्ने ।

**तालिका १५ : फोहरमैला व्यवस्थापन**

| कार्यक्रम/आयोजना | “उद्देश्य तथा पुष्ट्याई“ | आयोजना अवधी (शुरु र समाप्ति) | आगामी तीन वर्षको उपलब्धी सूचक |
|---|---|---|---|
| ल्यण्डफिल्ड साईट निर्माण कार्यक्रम | फोहरमैला व्यवस्थापन | २०८२-८३ देखि २०८४-८५ | सबै वडामा एक एक वटा ल्यण्डफिल्ड साईट निर्माण भएको हनेु |
| फोहरबाट मल बनाउनेकार्यक्र | जैविक मल उत्पदन र फोहरमैला व्यस्थपन | २०८२-८३ देखि २०८४-८५ | फोहरबाट जैविक मल तयार भएको हुने |
| पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा | | २०८२-८३ देखि २०८४-८५ | पूर्ण सरसफाई युक्त गाउँपालिका हुने |
| फोहर व्यवस्थापनमा तालिम कार्यक्रम | सचेतना र फोहरको सदुपयोग | २०८२-८३ देखि २०८४-८५ | फोहर व्यवस्थापनमा नागरिक सचेतनाको विकास भएको हुने |
| नकुहिने फोहरको पुन प्रयोग प्रविधी गरने कार्यक्रम | फोहरमैला व्यवस्थापन | २०८२-८३ देखि २०८४-८५ | नकुहिने फोहरलाई पुन प्रयोग गरिएको हुने। |

## ६.३ जलबायु परिवर्तन

### ६.३.१ पृष्ठभूमि

शहरी क्षेत्रमा हुने गरेको हरितगृह ग्याँस उत्सर्जनका कारण जलवायु प्रणालीमा आएको अनपेक्षित परिवर्तनले कृषि तथा अन्य जैविक क्षेत्र उच्च जोखिममा परेको पाईन्छ । चट्याङ्ग, असिना, भूकम्प, भू–क्षय, आगलागी, बाढी, पहिरा , अनावृष्टि, अतिवृष्टि, आदिबाट सृजित अस्तव्यस्त अवस्थालाई समाजमा विपद भन्ने बुझिन्छ । जलवायुको गतिशील परिवर्तनले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, र हिमाली पर्यटन लगायत अन्य दैनिक जीवन पद्धतिमा समेत असर गरेको अवस्थालाई जलवायु परिवर्तनको असर भन्ने बुझिन्छ ।

विश्वव्यापी रुपमा भईरहेको जलवायु परिवर्तनबाट नेपाल र गंगाजमुना गाउँपालिका समेत अछुतो रहेको छैन । जलबायूपरिवर्तन बाट गाउँपालिकाका पराम्परागत खेतिपातीमा नकारात्मक असर देखिएको पाईन्छ । जलवायु परिवर्तन विश्वव्यपी समस्या रहेकोले यसलाई न्यूनीकरण र अनुकुलन कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ६.३.२ समस्या तथा चूनौति

| **सबलपक्ष(Strengths)** | **दुर्बलपक्ष(Weakness)** |
|---|---|
| प्रत्येक बस्तीमा प्रकोप नियन्त्रण दस्ताको गठनमा जोड दिने, भान्छाजन्य र ढलजन्य फोहोरको निकास, घरेलु र सामुदायिक साझेदारीलाई जोड दिई सार्वजनिक शौचालय निर्माणमा प्रोत्साहन गर्न सकिने र विपद सूचना प्रवाहका लागि गाउँपालिकाद्धारा हटलाइन फोनसेवा सुरुवात गरिनु | विपद पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु, विपद व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु, विपद् व्यवस्थापनको आधुनिकीकरण प्रकृयाको अवलम्वन लगायत नयाँ प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु राहत र पुनर्स्थापनाका लागि प्रभावकारी संयन्त्रको कमी हुनु, जलवायु परिवर्तनका कारण नयाँ विपद थपिदैजानु<br><br>बस्तीगत जलवायु अनुकूलनका सूचकहरुको नियमित नाप जाँच गरी अभिलेखन गर्न, वर्षपानी सङ्कलनका लागि पूराना पोखरीको संरक्षण र नयाँ बिस्तार गर्न, स्थानीय पाठ्यक्रममा जलवायु अनुकूलन सम्बन्धी शिक्षा समावेश गर्न र उन्नत तथा स्थानीय जातका |

| | |
|---|---|
| | बिउको प्रयोग बढाउनु यस क्षेत्रका प्रमूख चुनौतीहरु |
| **अबसर (Opportunity)** | **चुनौती(Threats)** |
| स्थानीय, प्रदेश र संघीय सरकार जलवायूपरिवर्तन अनकुलन कार्यक्रम सञ्चालन गर्न प्रतिबद्ध देखिन्छन् ।<br><br>अन्य स्थानको तुलनामा जलबायु परिवर्तनको असर गाउँपालिकामा कम देखिएको छ ।<br><br>गंगाजमुना र पञ्चासेले ओगटेको संरक्षित क्षेत्रभित्र जलवायु अनुकूलनको अवस्था रहेको छ । सहभागितामूलक वन संरक्षण तथा व्यवस्थापन अभ्यास भएकाले कावर्न सञ्चिती वढाउन सकिने र जलवायु परिवर्तनका कार्यक्रम र सचतेनामाफर्त विपन्न वर्गको आर्थिक स्तरमा सुधार ल्याउने, लैङ्गिक समावेशीकरण, गरिबी निवारण लगायतका विषयमा फाइदा लिन सकिने, जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकासका लक्ष्य हासिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने यसका अवसरहरू रहेका छन्<br><br>जलवायु अनुकूलन ग्रामको विकास, उन्नत तथा स्थानीय जातका बिउको प्रयोग एवं, जलवायु मैत्री खेती प्रविधिको विकास गर्न सकिने अवसरहरू रहेकाछन् | स्थानीय रुपमा अनकुलन कार्यक्र सञ्चलन गर्नआवश्क सीप प्रविधी र श्रोत जटाउनु<br><br>स्थानीय प्रजातिका कृषि उत्पदनहरुलाई जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न।<br><br>वढ्दो शहरीकरणका कारण भएको हरितगृह ग्याँस उत्सजर्न को परिणामको असर ग्रामीण जनजीवनले पनि भोग्नु परेको छ । विश्व वातावरणीय प्रणालीको सदस्य भएपछि सबैले साझा पृथ्वीको दशा भोग्नु पर्ने हुन्छ । भौतिक पर्वाधार सम्वन्धि आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यूनगरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पूरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू–बनोट भएका हिमाली क्षेत्र र लेकाली खर्कहरु संरक्षण गर्नु |

### ६.३.३ सोच

“ जलवायु परिवर्तनको समस्या न्यूनिकरण गर्ने र अनकुलन कार्यक्रम सञ्चालन गर्ने ”

### ६.३.४ उद्देश्य

१) जलवायूपरिवर्तनको असर न्यूनिकरण गर्ने ।
२) जलवायु परिवर्तन अनकुलन कार्यक्रम सञ्चालन गर्ने ।
३) स्थानीय रैथानेबालीलाई पर्ने जलवायुपरिवर्तनको असर न्यूनिकरण गर्ने ।
४) मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकल गराउनु ।
५) नागरिकलाई सबैखाले विपदबाट जोगाइ सुरक्षित जीवन यापनको पहुँच बढाउनु ।

### ६.३.५ रणनीति

१) अनकुलन कार्यक्रम सञ्चालन गर्ने ।
२) जलवायु परिवर्तन बिषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
३) जलवायु परिवर्तनबाट स्थानीय बालीमा पर्ने असर लनकरणको् लागि आवश्यक प्रविधी र सीपको विकास गरने ।
४) सिँचाइ नहुने सुख्खा क्षेत्रमा आकाशे पानीको सङ्कलन, पानीफारो सिँचाइ प्रविधि, थोपा सिंचाइ, ठूलो सिँचाइ आदि प्रवद्धर्न गर्ने ।
५) पहिरो नजिकका बस्तीहरुमा विशेष सतर्कताका कार्यक्रमहरु सञ्चालन गर्ने ।
६) समूदायमा आधारित विपद जोखिम न्यूनीकरण समुदाय गठन, कार्ययोजना निर्माण र परिचालन, विपद् व्यवस्थापन ऐन २०७४ को अनुशरण गर्ने ।

## परिच्छेद-७ संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ७.२.१ पृष्ठभूमि

नागरिक सेवा प्रदायक संस्थाहरुको सेवा प्रवाह क्षमतालाई चुस्त, दुरुस्त,पारदर्शी र जवाफदेहि बनाई नागरिक सेवामा तयार गरिएका स्थानीय सरकारको सांगठनिक तथा प्राविधिक क्षमता सहित सेवा व्यवस्थापन गर्नु आवश्यक हुन्छ । संस्थागत क्षमता सहितको जवाफदेही स्थानीय शासन सञ्चालन र नागरिक प्रति उत्तरदायी स्थानीय सरकारका लागि प्रखर जनशक्ति र सेवा व्यवस्थापन कौशलतामा क्रमीकरुपमा सुधार गर्दै लैजानु आवश्यक हुन्छ । यसका लागि नागरिकहरुको आधारभूत घटना पञ्जीकरण र तथ्याङ्क व्यवस्थापन तथा प्रशासनिक सेवा प्रबाहका लागि व्यक्ति–परिवारका आधारभूत तथ्याङ्क व्यवस्थापन गर्दै सेवोग्राहीहरुको अवस्था अनुसार सेवा प्रदायक संस्थाको क्षमता विकासका लागि कार्यालय, जनशक्ति तथा सेवा व्यवस्थापनको कौशलताका निमित्त योजना बनाउनु आवश्यक हुन्छ ।

### ७.२.२ समस्या तथा चूनौति

| **सबलपक्ष(Strengths)** | **दुर्बलपक्ष(Weakness)** |
|---|---|
| सुशासन तथा संस्थागत विकासका लागि वडागत पहुँचमा सेवाको विस्तारका सम्बन्धमा वडा कार्यालयसंगै वडा सूचना केन्द्र, पर्यटन सूचना केन्द्र, पुस्तकालय, नागरिक मञ्च तथा विकास स्वयंसेवक परिचालनका माध्यमबाट सुशासन तथा संस्थागत क्षमता विकासमा टेवा पुऱ्याउने सम्भावना रहेको छ । यसले नागरिक मैत्री एवम् बस्ती स्तरमा विस्तारीकरण र नागरिकमा सुख र सन्तुष्टिको मात्रा वृद्धिगर्ने अवसर बनेकोछ | विद्युतीय शासन प्रणालीको अभावमा सार्वजनिक सेवा चुस्त र प्रभावकारी नभएको ।<br><br>राजश्व बाँडफाँडको हिस्सा  र आन्तरिक आयको आकारमा स्थानीय चालु खर्चको व्यवस्थापन गर्नु पर्ने हुँदा पर्याप्त जनशक्तिको उपलब्धता भन्दा पनि न्यून जनशक्तिका भरमा अधिक समस्याहरुसँग अन्तरसम्वन्धित भइ कार्य सम्पादन गर्नु हालका लागि गंगाजमुना गाउँपालिकाको चुनौती देखिएको छ । |

| | |
|---|---|
| नागरिक सन्तुष्टिको मात्रा विस्तार गर्नका लागि न्यायिक समिति र मेलमिलापकर्ताको कार्यतालिका बनाइ शीघ्र न्याय सम्पादनको व्यवस्था गर्ने, आवश्यकता अनुसार कर्मचारी संगठनको संरचना पुनरावलोकन गर्दै चुस्त र दुरुस्त बनाउने, गाउँपालिका र वडा सेवाकेन्द्रमा एकीकृत सेवा प्रवाहको रणनीति अवलम्बन गर्दै नागरिक पहुँचको अवसर बढाउने, गाउँपालिका, वडा सेवा केन्द्र, स्थानीय सूचना केन्द्रका क्रियाकलापहरु डिजिटल प्रणालीबाट अध्यावधिक गर्ने अभ्यासका योजनाले गाउँपालिकाको नागरिक सहभागिता | |
| **अबसर (Opportunity)** | **चुनौती(Threats)** |
| स्थानीय तहमा जनप्रतिनिधीहरुको नेतत् रहेको छ ।<br><br>संविधानद्वरा नै स्थानीय तहलाई कानून बनाउनेअधिकार दिएको छ ।<br><br>जनताको सेवा प्रवाहमा सहजता ल्यउनेवातावरण बनेको । | सशक्त जनशक्ति, पारदरशी र सरल सेवा प्रवाह तथा सशासनयुक्तु गंगाजमुना ।<br><br>विद्युतीय शासन प्रणालीको प्रयोगद्वारा सार्वजनिक सेवा चुस्त र प्रभावकारी बनाउने ।<br><br>आवश्यकताका आधारमा कर्मचारी संगठनको निर्माण र दरवन्दी पूर्ति गरी वडा केन्द्रमा सबै सेवाको पहुँच पुर्याउन र नागरिक पहुँचमा स्थानीय शासनको विस्तारबाट सुरक्षा तथा सन्तुलनको अवस्था निर्माण गर्नु गाउँपालिकाको वर्तमान चुनौती हो<br><br>ठोस रुपमा भन्नु पर्दा स्वतन्त्र न्याय सम्पादनको प्रतिवद्धता कायम गर्ने, गाउँपालिकाको सङ्गठन तालिका बनाएर नियमित कार्य दुरुस्त राख्न प्रदेश सरकारसँग सहकार्य गर्ने, गाउँपालिका केन्द्र र वडा कार्यालयसम्म सडक, सूचना र प्रविधिको पहुँच विस्तार गर्दै भरपर्दो ईन्टरनेट सेवाका लागि टेलीकम सेवा प्रदायकहरुसँग प्रतिस्पर्धात्मक |

| | |
|---|---|
| | सहकार्य गर्नु गाउँपालिकाका योजनागत चुनौतीहरू रहेका छन । |

### ७.२.३ सोच

" स्थानीय सुशासन सहित सुरक्षित एवम् शान्तिपर्ण गंगाजमुना गाउँपालिकाको निर्माण "

### ७.२.४ उद्देश्य

१) आधुनिक प्रविधीको प्रयोग गरी सेवा प्रवाह गरने ।
२) जनप्रतिनिधी र बेरुजको मात्रा घटाउन ।
३) सेवा प्रवाहमा सरलीकरण गर्न ।
४) काननु कार्यन्वनमा सचेतना अभिबद्द गर्न ।
५) बदलिदो प्रविधीसंग जनप्रतिनिधी र कर्मचारीहरुलाई परिचित गराउन ।
६) गंगाजमुनागाउँपालिका कार्यालय लगायत सेवाकेन्द्रहरूमा दक्ष जनशक्तिको व्यवस्थापन सहित सुशासनको व्यवस्था गर्ने ।
७) दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु ।
८) नागरिकमैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु ।

### ७.२.५ रणनीति

१) कर्मचारी र जनप्रतिनिधीहरुलाई आधनिकु प्रवधीमा अद्यावधीक गराउने/ तालिम प्रदान गरने ।
२) समय सापेक् सरल र पारदरशी कानूनहरुको तर्यािु गरी कार्यन्वने गर ।
३) भक्तानीु प्रणाली अनलाईन मार्फत गर्नआवश्क परने प्रविधी र जनशक्तिको विकास नेगर ।
४) आन्रिक आम्दनी बढाउन सम्पत्त कर, नक्स पास दस्रु, खानीहरु लाई करको दायरामा ल्यउने ।
५) बेरुजूआउन नदिन नियम कानूनहरुको कडडाईका साथ पालना गरने गराउने ।
६) वडा कायालयबाट दक्ष जनशक्ति सहित एकीकृत सेवा प्रवाह गर्ने ।
७) उत्कृष्ट सेवामार्फत गाउँपालिकालाई सक्षम र जन उत्तरदायी बनाउन पारदर्शिता र जवाफदेहीताका सूचकहरुको पालना गर्ने ।

८) स्थानीय नीति, कानुन, नियम,निर्देशिका र निर्णय प्रक्रियामा लक्षित समुदाय तथा स्थानीय बासिन्दाको अपनत्व वृद्धि गर्ने ।

९) गाउँ कार्यपालिका तथा वडा कार्यलयको संगठन क्षमता विकास गर्ने ।

## ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

**तालिका १६ : संस्थागत सुधारका कार्यक्रम**

| कार्यक्रम/आयोजना | “उद्देश्य तथा पुष्ट्याई“ | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| एकीकृत वडा सेवा केन्द्र निर्माण | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| कर्मचारी आपूर्तिका विशेष योजना | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| वडासेवा केन्द्रमा दक्ष जनशक्ति व्यवस्थापन | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| जनप्रतिनिधिलाइ विषयगत कार्य विभाजन | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| क्षमता विकास तालिम माग सङकलन | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| जनप्रतिनिधि र कर्मचारीलाइ क्षमता विकास तालिम र भ्रमण | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| विकास स्वंय सेवक परिचालन | दक्ष जनशक्ति सहित एकीकृत भवनबाट सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यविधि तर्जुमा । | सुशासन कायम पारदर्शिता | २०८१-८२ देखि २०८४-८५ सम्म |

| कार्यक्रम/आयोजना | "उद्देश्य तथा पुष्ट्याई" | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| नागरिक वडापत्र, गुनासा पेटिका र कर्मचारी कार्यसम्पादन करार लगबुक पालना | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| वडाका हरेक योजनाहरुका आवधिक लेखाजोखा | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| वार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| लैंगिक बजेट परीक्षण कार्यक्रम | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| आवधिक योजनाका मध्यावधि र अन्तिम मुल्याङकन | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| नागरिक गुनासाका लागि हेलो गंगाजमुना हटलाइन सेवा | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| योजना, अनुगमन, मुल्याङकन तथा प्रतिवेदन प्रणालीका ⁄नियमित प्रकाशन | योजना, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको श्रेस्ता व्यवस्थापन र नियमित प्रकाशन गरी पारदर्शी बनाइनेछ । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| न्यायिक समिति कार्यक्षमता अभिवृद्धि तालिम | योजना, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको श्रेस्ता व्यवस्थापन र नियमित प्रकाशन गरी पारदर्शी बनाइनेछ । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| शान्ति सुरक्षाका लागि पदशका समन्वयमा इलाका प्रहरी पोष्टका व्यवस्था गर्ने | शान्ति सुरक्षाका लागि प्रदेशको समन्वयमा इलाका प्रहरी पोष्टको व्यवस्था गरिनेछ । | २०८१-८२ देखि २०८४-८५ सम्म |

| कार्यक्रम/आयोजना | “उद्देश्य तथा पुष्ट्याई“ | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| डिजिटल कार्यक्रम(सब वडा, सुचना कन्द, पुस्तकालय, विद्यालय, घरवास पर्यटन तथा सरकारी कार्यालयहरुमा इन्टरनेट पहुँच विस्तार) | नागरिक गुनासो र सूचनाको शीघ्र सुनुवाइका लागि निशुल्क टोलफ्री टेलिफोन हटलाइन सञ्चालन मा ल्याइनेछ। | २०८१-८२ देखि २०८४-८५ सम्म |
| घर गणना(नम्बरिङ) कार्यक्रम | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| नागरिक र परिवारका डिजिटल प्रोफाइल कार्यक्रम | नागरिक र परिवारका सबै तत्थाङक डिजिटल प्रोफाइलमा राखीने छ। | २०८१-८२ देखि २०८४-८५ सम्म |
| गंगाजमुना गाउँपालिकाका प्रोफाइल अद्यावधिक | नागरिक र परिवारका सबै तत्थाङक डिजिटल प्रोफाइलमा राखीने छ। | २०८१-८२ देखि २०८४-८५ सम्म |
| प्राविधिक लागत योजना र प्रसाशनिक सिफारिस डिजिटल कार्यक्रम( वडा र गाउपालिका) | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु। | २०८१-८२ देखि २०८४-८५ सम्म |
| डिजिटल सुचना प्रणाली कार्यक्रम (डिजिटल एप निर्माण र सञ्चालन ) वडा सुचना कन्द्र, पर्यटन सुचना केन्द्र र गाउँपालिकाका शाखा बाट तथ्याङकहरु गाउँ सुचना केन्द्रमा सम्प्रेषण गर्ने प्रणाली ।) | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु। | २०८१-८२ देखि २०८४-८५ सम्म |
| गंगाजमुना बुलेटिन प्रकाशन तथा वितरण गर्न (गाउँ सुचना केन्द्रहरुबाट दैनिक , साप्ताहिक सुचना अपडेट गर्न र मासिक प्रगति विवरण -गंगाजमुना इ–बुलेटिन प्रकाशन तथा वितरण गर्न) | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु। | २०८१-८२ देखि २०८४-८५ सम्म |

| कार्यक्रम/आयोजना | “उद्देश्य तथा पुष्ट्याई“ | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| सुचना प्रविधि मैत्री क्षमता विकासका तालिम | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| टेलिकम सेवा प्रदायक र समुदायका बीच व्यवस्थापन साझेदारी कार्यक्रम | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| योजनाका लाभ-लागतका आधारमा बजेट विनियोजन पद्दतिका विकास गर्ने । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| कर्मचारीलाइ राजस्व परिचालन क्षमता वृद्धि तालिम । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| बजेट सुचना प्रणालीका विकास गर्ने । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| दीर्घकालीन आयका स्रोतहरुमा लगानी र करका दायरा विस्तार । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| विद्युतीय आर्थिक कार्य प्रणालीका सुदृढीकरण गर्ने । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| सार्वजनिक खर्च कायविधि बनाइ लागु गर्ने । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| सामाजिक सघं संस्थाहरुको वर्गीकरण | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| सामाजिक संघ संस्थाहरूको परियोजना गाउँपालिकाको वार्षिक योजनामा समावेश | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| गाउँपालिकाको आवधिक योजनामा गैससहरूका साझेदारी । | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| स्थानीय सामुदायिक समुह र संस्था अभिलखन तथा कोष एकीकृत व्यवस्थापन | | २०८१-८२ देखि २०८४-८५ सम्म |

| कार्यक्रम/आयोजना | "उद्देश्य तथा पुष्ट्याई" | आयोजना अवधी (शुरु र समाप्ति) |
|---|---|---|
| घुम्तीकोष, स्वाभलम्बन कोष र स्वरोजगार कोषका अुनदान र ऋण प्रभावकारिता अनुगमन | नागरिक मैत्री सुशासनको पालना गर्दै जवाफदेही प्रशासनको व्यवस्थापन गर्नु । | २०८१-८२ देखि २०८४-८५ सम्म |
| वडा नागरिक मञ्चलाइ वडा सुचना केन्दका स्वंयसेवी साझेदारका रुपमा परिचालन | | २०८१-८२ देखि २०८४-८५ सम्म |
| | | |

# अनुसूची १ :
# मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## पृष्ठभूमि

नेपालमा संघीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन् । जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिब्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । स्थानीय सरकाले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी बनाउँदै लगेका छन् ।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरुरी देखिन्छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाढी बढाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रकृयालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्नसरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक हुन्छ । दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहना सम्बोधन गर्ने गर्नुपर्दछ ।योजनाले उपलब्ध हुने सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेट बीचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

कानूनी रूपमा हेर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक बर्षको असार १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्ययकोअनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको

छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचनासमेत आगामी आर्थिक बर्षको बजेटतथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति पदाधिकारी,विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रकृया बमोजिम यस मार्गदर्शनअनुसार आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिकाका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१) नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३ः मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशकसिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७ः धारा २१४ देखी २३०)
२) पालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली ।
३) प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)
४) स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)
५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार,परिच्छेद ३ः राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७ः राजस्व र व्ययको अनुमान, परिच्छेद ८ः वित्तीय अनुशासन)

६) आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)
७) सावर्जनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)
८) दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
९) दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सार्न्दभिक बुँदाहरू
१०) पालिकाको दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना
११) समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

बजेट वर्ष आ.व. २०८२/८३ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको छ, जुन देहायअनुसार रहेको छ :

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही गाउँपालिकाको नीति, विषयगत क्षेत्र, आगामी वर्षको लागि प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१) नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।
२) मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३) गाउँपालिकाको बार्षिक नीति कार्यक्रम, योजना, विषयक्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४) चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ ।

५) आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ ।

६) पालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७) आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८) स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

९) कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१०)बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

११) विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१२) योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१३) भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१४) बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१५)विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ। महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१६) आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रोइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ

। आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरीसहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ ।

२०) उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१) स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ । ठद्ध पालिकाको मध्य मकालीन खर्च संरचना ( आ.व. २०८२/८३ – २०८४/८५) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ .

२२) योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्नु पर्नेछ ।

आज्ञाले,
श्री सन्जय बहादुर स्याङताङ
प्रमुख प्रशासकीय अधिकृत

# धन्यवाद